# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ४५ | काठमाडौं | आइतबार, २४ जेठ २०८३ | Prabhab National Daily | Sunday, 7 June 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


सन्दर्भ : वैदेशिक रोजगार

### वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन आज

# नेतृत्वका लागि भूर्तेल, खत्री र पाण्डे प्यानलसहित प्रतिस्पर्धामा

■ ममता थापा

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नयाँ नेतृत्व चयन गर्न आज विशेष साधारणसभा तथा निर्वाचन हुँदै छ । भुवनसिं गुरुङ नेतृत्वको कार्यसमिति आन्तरिक विवादका कारण कार्यकाल पूरा नहुँदै विघटन भएपछि विशेष साधारणसभामार्फत नयाँ नेतृत्व चयन गर्न लागिएको हो ।

संघको विधानबमोजिम साधारणसभा तथा निर्वाचन प्रयोजनका लागि गठित प्रबन्ध समितिले आज बत्तीसपुतलीस्थित अनुपम फुडल्याण्डमा साधारणसभा तथा निर्वाचनको कार्यक्रम हुने जानकारी दिएको छ । समितिका संयोजक राजेन्द्र भण्डारीले निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए । निर्वाचनमार्फत संघको अध्यक्षसहित सात जना पदाधिकारी र १० सदस्य गरी १७ जनाको कार्यसमिति निर्वाचित गरिने उनले बताए ।

भण्डारीका अनुसार निर्वाचनमा सहभागी हुन ७७४ व्यवसायीले प्रतिनिधि दर्ता गरेका छन् । नयाँ नेतृत्वका लागि तीनवटा प्यानलबाट ५१ जनाको उम्मेदवारी परेको छ ।

संघको अध्यक्ष पदमा तीन जनाबीच प्रतिस्पर्धा हुने भएको छ । नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसियसनबाट मेघनाथ भूर्तेल, नेकपा एमालेनिकट प्रगतिशील...

क्रमशः पृष्ठ २ मा



■ **मेघनाथ भूर्तेल**
अध्यक्षका उम्मेदवार
लोकतान्त्रिक एसोसिएसन

**प्रथम उपाध्यक्षः** कर्णराज कटुवाल
**द्वितीय उपाध्यक्षः** रबिन मेगाले मगर
**तृतीय उपाध्यक्षः** लक्ष्मण पौडेल
**महासचिवः** अमरप्रकाश तिवारी
**सचिवः** राजकाजी भोलान (राज लामा)
**कोषाध्यक्षः** विद्यालक्ष्मी बज्राचार्य
**सदस्यः**
राजेश मैनाली, कैलाश पाठक, देउबहादुर गौतम (सविन), टंकप्रसाद पंगेनी, गिता राउत, भिममाया कार्की, दिक्षा थपलिया, रोशना निरौला, दिपककुमार देव र हिरालाल गौडेल



■ **डिकबहादुर खत्री**
अध्यक्षका उम्मेदवार
प्रगतिशील मञ्च

**प्रथम उपाध्यक्षः** महेशकुमार बस्नेत
**द्वितीय उपाध्यक्षः** अनिल बोगटी
**तृतीय उपाध्यक्षः** तुलसी पुरी
**महासचिवः** हिराबहादुर डांगी
**सचिवः** केदारनाथ अधिकारी
**कोषाध्यक्षः** धनमाया सिञ्जाली
**सदस्यः**
रमा खड्का, विवश ढुंगाना, ध्रुव जिसी, फडिन्द्रकुमार केसी, तारामणि राई, तारा तामाङ, रविन्द्र राई, भावना गजुरेल, बाबुराम न्यौपाने र युवराज देवकोटा



■ **हरिबहादुर पाण्डे**
अध्यक्षका उम्मेदवार
स्वतन्त्र व्यवसायी समूह

**प्रथम उपाध्यक्षः** सञ्जु गुरूङ
**द्वितीय उपाध्यक्षः** बालकृष्ण श्रेष्ठ
**तृतीय उपाध्यक्षः** कृष्ण ढकाल
**महासचिवः** नुर मोहम्मद मियाँ
**सचिवः** नवराज लुइँटेल
**कोषाध्यक्षः** विनिता कटुवाल
**सदस्यः**
शिवशंकर यादव, दिनेश पौडेल क्षेत्री, नरेन्द्रदेव मलेकार, सरोज हुसन, वीरेन्द्रकुमार यादव, रबिन श्रेष्ठ, निर्मल जिसी, दिनेशकुमार खड्का, शालीग्राम पाण्डेय र लेखनाथ भुसाल

### सम्पत्ति छानबिनमा वालेन्द्र नीति

# आफू सुरक्षित, अरु निशानामा

■ जेबी योञ्जन

- प्रधानमन्त्री वालेन्द्रसहित वर्तमान मन्त्रिपरिषद्का कसैको सम्पत्ति छानबिन नहुने
- सम्पत्ति विवरण सार्वजनिक गरेकै बेला उनीहरुको सम्पत्तिमा प्रश्न उठे पनि आयोगलाई छैन छानबिनको कार्यादेश
- विपक्षीहरुको टिप्पणी– सम्पत्ति छानबिनमा पारदर्शी र निष्पक्ष देखिएन

**काठमाडौं–** सरकारले गठन गरेको उच्चस्तरीय सम्पत्ति छानबिन आयोगको कार्यादेशलाई लिएर विपक्षी दलहरूले आशंका व्यक्त गरेका छन् । कार्यादेशमा पूर्व र वर्तमान राष्ट्रपति, उपराष्ट्रपति, नेपाली सेना र वर्तमान सरकारका प्रधानमन्त्री वालेन्द्र शाह र उनका मन्त्रिपरिषद्का सदस्यहरूको सम्पत्ति छानबिन नगर्ने उल्लेख गरिएपछि विपक्षी दलहरूले आयोगको निष्पक्षता र पारदर्शितासँग जोडेर प्रश्न उठाएका छन् । जबकि, प्रधानमन्त्री शाहसँगै उनका मन्त्रिपरिषद्का सदस्यहरूको सम्पत्ति विवरण सार्वजनिक हुँदा निकै विवादित भएको थियो । उनीहरूको सम्पत्ति अस्वाभाविक देखिएपछि विपक्षी दलहरूमात्रै नभएर आममानिसले चासो राखेका थिए ।

तर, उनीहरूको सम्पत्तिको छानबिन गर्ने कार्यादेश आयोगलाई दिइएको छैन । २०६२/६३ पछिका सार्वजनिक पदाधिकार हरूको सम्पत्ति छानबिन गर्ने भनिए पनि खासगरी नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)लगायत दलको नेतृत्वमा गठित सरकारका पदाधिकारी, सोही कालखण्डमा विभिन्न सार्वजनिक निकायको पदाधिकारीहरूको मात्रै सम्पत्ति छानबिन गर्ने कार्यादेश आयोगलाई छ ।

> सम्पत्ति छानबिनमा हामी सरकारलाई सहयोग गर्छौं, गर्नुपर्छ तर कसैको गर्ने र कसैको नगर्ने हुँदैन, त्यसो भयो भने राजनीतिक प्रतिशोध साँधेको अर्थमा हामी बुझ्छौं ।
> ■ **भीष्मराज आङ्देम्बे**
> नेता, कांग्रेस संसदीय दल

प्रमुख प्रतिपक्षी कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले आयोग सफा नियतले गठन नगरिएको आरोप लगाए । उनले सम्पत्ति छानबिन गर्नु राम्रो भए पनि कसैलाई छानबिनको दायरामा नल्याउने र कसैलाईचाहिँ छानबिन गर्नेगरी जुन कार्यादेश आयोगलाई दिइयो, यसले प्रतिशोध साँधेको महसुस भएको बताए ।

'सम्पत्ति छानबिनमा हामी सरकारलाई सहयोग गर्छौं, गर्नुपर्छ तर कसैको गर्ने र कसैको नगर्ने हुँदैन, त्यसो भयो भने राजनीतिक प्रतिशोध साँधेको अर्थमा हामी बुझ्छौं,' उनले प्रभावसँग भने ।

वालेन्द्र सरकारले आयोग गठन गर्दा भ्रष्टाचारविरुद्ध कठोर कदम चाल्ने र सार्वजनिक पदमा बसेकाहरूको सम्पत्तिको स्रोत परीक्षण गर्ने उद्देश्य राखिएको दाबी गरेको थियो । तर, आयोगलाई दिइएको कार्यादेश, छानबिनको दायरा र त्यसको कार्यान्वयन प्रक्रियाले सरकारको नियतमाथि विपक्षी दलहरूले सशंकित भएका छन् ।

क्रमशः पृष्ठ २ मा






# संसद्मा पाँच एजेण्डा उठाउँदै विपक्षी

- प्रधानमन्त्रीको सीमासम्बन्धी अभिव्यक्ति
- उच्चस्तरीय सम्पत्ति छानबिन आयोग
- हालै पारित प्रतिनिधिसभा नियमावली
- राष्ट्रिय मानवअधिकार आयोगका प्रतिवेदनको कार्यान्वयन
- सभामुख डोलप्रसाद अर्यालको भूमिका

**काठमाडौं (प्रस)–** विपक्षी दलहरूले सोमबारदेखि बस्ने प्रतिनिधिसभा बैठकमा सरकार र संसद्को कार्यशैलीसँग सम्बन्धित पाँच प्रमुख विषयलाई प्राथमिकताका साथ उठाउने भएका छन् । प्रधानमन्त्री वालेन्द्र शाहको सीमासम्बन्धी अभिव्यक्ति, सरकारले गठन गरेको उच्चस्तरीय सम्पत्ति छानबिन आयोग, प्रतिनिधिसभा नियमावली, राष्ट्रिय मानवअधिकार आयोगका प्रतिवेदनको कार्यान्वयन तथा सभामुख डोलप्रसाद अर्यालको भूमिकालाई विपक्षी दलहरूले मुख्य एजेण्डा बनाउने भएका हुन् ।

प्रधानमन्त्री शाहले यही १७ जेठमा 'नेपालले पनि भारतको धेरै भूमि मिचेको रहेछ' भनेका थिए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अहिलेसम्म नेपालले भारतको भूमिको मिचेको बताएका छैनन् । तर, प्रधानमन्त्री शाहले संसद्को रोष्ट्रममा उभिएर नेपालले भारतको भूमि मिचेको भनेपछि देशको राजनीतिमात्रै नभएर कूटनीतिक क्षेत्र पनि तरंगित भयो । विपक्षी दलहरूले प्रधानमन्त्री शाहको अभिव्यक्तिलाई 'राष्ट्रघाती' र देशको सार्वभौमिकतामाथिको सीधा प्रहार भएको बताएका छन् । ती दलहरूले संसद्को रोस्ट्रमबाटै प्रधानमन्त्री शाहले देशवासीसँग माफी माग्नुपर्ने अडान लिएका छन् ।

तर, प्रधानमन्त्री शाहको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद इन्दिरा राना मगरले भने एउटा शब्दमा अल्झियो भने देश विकासको जनादेशप्राप्त सरकारलाई उल्झन् हुने बताइन् ।

क्रमशः पृष्ठ २ मा








पृष्ठ १ बाट क्रमशः

## नेतृत्वका...

वैदेशिक रोजगार व्यवसायी मञ्चबाट डिकबहादुर खत्री (कुमार) र स्वतन्त्र वैदेशिक रोजगार व्यवसायी समूहबाट हरिबहादुर पाण्डे संघको नेतृत्व लिन प्यानलसहित प्रतिस्पर्धामा उत्रिएका हुन् । अध्यक्षका प्रत्याशी भूर्तेल संघका पूर्वमहासचिव हुन् । उनलाई संघको निवर्तमान अध्यक्ष गुरुङलेसमेत समर्थन जनाएका छन् । भूर्तेलसँग प्रतिस्पर्धामा रहेका खत्री संघका पूर्वप्रथम उपाध्यक्ष र पाण्डे वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष एवं संघका पूर्वप्रथम उपाध्यक्ष हुन् ।

यी तीन जनाबीचको प्रतिस्पर्धा रोचक हुने देखिएको छ । अध्यक्षका उम्मेदवार तीनै जनाले वैदेशिक रोजगार क्षेत्रको नीतिगत समस्या हल गर्दै यस क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउने प्रतिबद्धतासहित संघको नेतृत्वमा आफूलाई जिताउन अपिल गरेका छन् ।

### कसको एजेण्डा के ?

अध्यक्षका उम्मेदवार भूर्तेल १० बुँदे एजेण्डासहित चुनावी मैदानमा उत्रिएका छन् । उनले वैदेशिक रोजगार क्षेत्रलाई सुधार र पारदर्शिताको दिशामा लैजाने प्रतिबद्धता जनाएका छन् । 'सुरक्षित वैदेशिक रोजगार, सीपसहितको श्रमिक, सम्मानजनक स्वास्थ्य व्यवसाय, समृद्ध राष्ट्र' भन्ने मूल नारासहित वैदेशिक रोजगार प्रणालीलाई श्रमिकमैत्री, पारदर्शी र जवाफदेही बनाउन संरचनागत सुधार अपरिहार्य रहेकोमा भूर्तेलले जोड दिएका छन् ।

उनको प्रतिबद्धतापत्रमा श्रमिकमैत्री वैदेशिक रोजगार नीति, रोजगार प्रणालीलाई डिजिटल बनाउने, रोजगारीमा जाने श्रमिकको सीप विकास, श्रमिक सुरक्षा, अवैध भर्ती नियन्त्रणलगायत विषयलाई प्राथमिकता दिइएको छ । युरोप, जापान, कोरिया र जर्मनीलगायत उच्च आय भएका मुलुकसँग कूटनीतिक पहल गरी नयाँ श्रम गन्तव्य विस्तार गर्ने योजनालाई पनि उनले प्राथमिकता दिएका छन् । वैदेशिक रोजगार क्षेत्रलाई सम्मानजनक, सुरक्षित र न्यायोचित बनाउने उनको प्रतिबद्धता छ ।

अध्यक्षका अर्का उम्मेदवार खत्रीले वैदेशिक रोजगार क्षेत्रको छवि सङ्ल्याएर पुस्तान्तरण गर्न योग्य बनाउने सपना पूरा गर्न संघको नेतृत्व सम्हाल्न चाहेको बताएका छन् । 'हामी २०औं वर्ष यो क्षेत्रमा लगानी गर्छौं तर पुस्तान्तरण गर्न सकेका छैनौं । मैले गरेको लगानी मेरो छोराले क्यारी गर्न सक्ने अवस्था बन्नपर्छ,' खत्रीले भने, 'यो क्षेत्रलाई पारदर्शी र मर्यादित बनाउने हो भने फिलिपिन्सका एजेन्सीजस्तै हामी पनि स्थापित हुन सक्छौं । यो व्यवसायलाई मर्यादित बनाउने मेरो सपना नै छ ।'

स्वतन्त्र व्यवसायी समूहबाट अध्यक्षका उम्मेदवार पाण्डेले संघलाई अब कुनै पार्टीको निर्देशनमा नभई स्वतन्त्ररूपमा काम गर्ने बनाउने प्रतिबद्धता जनाए । 'हामी संघको नेतृत्वमा पुगेपछि राज्यलाई दबाब होइन आग्रह गर्छौं । सरकार र व्यवसायीबीच पुलको रूपमा काम गर्छौं । यो पार्टी, त्यो पार्टी नभनी व्यवसायीको मुद्दा सरकारसँग निर्धक्क भएर अब हाम्रो टिमले राख्छ,' पाण्डेले भने ।

### कसको प्यानलबाट को-को प्रतिस्पर्धामा ?

मेघनाथ भूर्तेल नेतृत्वको लोकतान्त्रिक एसोसिएसनको प्यानलबाट प्रथम उपाध्यक्षमा कर्णराज कटुवाल, द्वितीय उपाध्यक्षमा रबिन मेगाले मगर, तृतीय उपाध्यक्ष लक्ष्मण पौडेल, महासचिवमा अमरप्रकाश तिवारी, सचिवमा राजकाजी भोलान (राज लामा) र कोषाध्यक्षमा विद्यालक्ष्मी बज्राचार्य प्रतिस्पर्धामा छन् । यो प्यानलबाट सदस्यका उम्मेदवारहरूमा राजेश मैनाली, कैलाश पाठक, देउबहादुर गौतम (सविन), टंकप्रसाद पंगेनी, गिता राउत, भिममाया कार्की, दिक्षा थपलिया, रोशना निरौला, दिपककुमार देव र हिरालाल गौडेल छन् ।

यसैगरी, डिकबहादुर खत्री नेतृत्वको प्रगतिशील मञ्चको प्यानलबाट प्रथम उपाध्यक्षमा संघका निवर्तमान महासचिव महेशकुमार बस्नेत, द्वितीय उपाध्यक्षमा अनिल बोगटी, तृतीय उपाध्यक्षमा तुलसी पुरी, महासचिवमा हिराबहादुर डांगी, सचिवमा केदारनाथ अधिकारी र कोषाध्यक्षमा धनमाया सिञ्जाली उम्मेदवार बनेका छन् । यो प्यानलबाट सदस्य पदको उम्मेदवारी दिनेमा रमा खड्का, विवश ढुंगाना, ध्रुव जिसी, फडिन्द्रकुमार केसी, तारामणि राई, तारा तामाङ, रविन्द्र राई, भावना गजुरेल, बाबुराम न्यौपाने र युवराज देवकोटा छन् ।

हरिबहादुर पाण्डे क्षेत्री नेतृत्वको स्वतन्त्र वैदेशिक रोजगार व्यवसायी समूहको प्यानलबाट प्रथम उपाध्यक्षमा सञ्जु गुरुङ, द्वितीय उपाध्यक्षमा बालकृष्ण श्रेष्ठ, तृतीय उपाध्यक्षमा कृष्ण ढकाल, महासचिवमा नुर मोहम्मद मियाँ, सचिवमा नवराज लुइँटेल र कोषाध्यक्षमा विनिता कटुवालले उम्मेदवारी दिएका छन् । सदस्य पदमा शिवशंकर यादव, दिनेश पौडेल क्षेत्री, नरेन्द्रदेव मलेकार, सरोज हुसन, वीरेन्द्रकुमार यादव, रबिन श्रेष्ठ, निर्मल जिसी, दिनेशकुमार खड्का, शालीग्राम पाण्डेय र लेखनाथ भुसालको उम्मेदवारी परेको छ ।

■ ■ ■

## आफू सुरक्षित...

आयोगले २०६२/६३ सालपछि सार्वजनिक जिम्मेवारीमा पुगेका राजनीतिज्ञ, उच्च सरकारी कर्मचारी, सुरक्षा निकायका अधिकारी, संवैधानिक निकायका पदाधिकारी तथा स्थानीय तहका प्रमुख-उपप्रमुख गरी ४० हजारभन्दा बढी व्यक्तिलाई सम्पत्ति विवरण पेस गर्न आह्वान गरेको छ । आयोगका अनुसार हालसम्म करिब ८०० जनालेमात्रै सम्पत्ति विवरण बुझाएका छन् भने करिब ५०० उजुरी दर्ता भएका छन् । सम्पत्ति विवरण बुझाउने समय यही जेठ अन्तिमसम्म हो । तर, आयोगको काम अघि बढ्दै जाँदा दिइएको कार्यादेशले सम्पत्ति छानबिनको निष्पक्षतामाथि गुमाउने भन्दै आलोचना भइरहेको छ ।

एमाले सांसद साजिदा खातुन सिद्धिकीले सरकारले सम्पत्ति छानबिनको नाममा प्रतिशोधको राजनीति गर्न लागेको भन्दै आपत्ति जनाइन् । उनले भनिन्, 'भ्रष्टाचारमा शून्य सहनशीलता एमालेको नीति हो । त्यसका लागि एमाले प्रतिबद्ध छ तर अहिले जुन सुनिएको छ, आयोगले कसको सम्पत्ति छानबिन गर्ने, कसको नगर्ने भन्ने ? पक्षपातपूर्ण ढंगको छानबिन हुन्छ भने एमालेलाई स्वीकार्य हुँदैन ।'

उनले वर्तमान राजनीतिक नेतृत्वलाई सम्पत्ति छानबिनको दायराबाहिर राख्न नहुने बताएका छन् । मंगलबार उनकै दलका अध्यक्ष तथा जेन-जी विद्रोहको बेलाका प्रधानमन्त्री केपी शर्मा ओली भने आयोगप्रति अझ आक्रामकरूपमा प्रस्तुत हुँदै आयोगलाई नै अस्वीकार गर्ने बताएका थिए । उनले सम्पत्ति विवरण नबुझाउने घोषणा गर्दै अक्रोशपूर्ण अभिव्यक्ति दिए, 'आगो लगाएर खरानी पारेर भएन ? अझै सम्पत्ति विवरण बुझाउनुपर्ने ? मैले खरानी भरेर दिनु ? खरानी लैजा सरकार ।'

नेकपा प्रमुख सचेतक युवराज दुवालले आयोग गठनदेखि कार्यादेशसम्मको सम्पूर्ण प्रक्रियालाई आफूहरूविरुद्ध प्रयोग गर्न खोजिएको आरोप लगाए । उनले सोमबारदेखि बस्ने संसद् बैठकमा यो विषय उठान गरिने बताए । 'सम्पत्ति छानबिन गर्दा ज-जसले अकुत कमाएका छन्, दोषी हुने उनीहरू नै हुन् तर अहिले सत्तापक्ष, सेना, पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, वर्तमान राष्ट्रपति र उपराष्ट्रपति, पूर्वराजा र उनका परिवारको सम्पत्ति छानबिन गर्ने विषय जो बाहिर आयो, यो गलत छ, संसद्मा उठाउँछौं,' उनले भने ।

आयोगको कार्यादेशअनुसार प्रधानमन्त्री शाहसहित वर्तमान मन्त्रिपरिषद्का सबै सदस्यलाई प्रत्यक्षरूपमा छानबिनबाट उन्मुक्ति दिएको देखिन्छ । आलोचकहरूले यसलाई वालेन्द्र सरकारले 'आफू सुरक्षित, अरू निशानामा' भन्ने नीति लिएको भन्दै टिप्पणी गरिरहेका छन् ।

सुशासन मार्गचित्रका मस्यौदाकारमध्येका रिजन थापा मगरले सम्पत्ति छानबिनको दायरा सबै सार्वजनिक पदाधिकारीमा समानरूपमा लागू हुनुपर्ने बताएका छन् । उनका अनुसार भ्रष्टाचार कुनै एक दल वा पुस्तासँग मात्र सम्बन्धित समस्या नभई राज्य संयन्त्रसँग जोडिएको संरचनागत समस्या भएकोले अहिलेका प्रधानमन्त्री र मन्त्रीलाई अलग राखेर विगतका नेता र कर्मचारीमाथि मात्रै छानबिन गरियो भने त्यो सुशासन होइन, प्रतिशोध ठहरिने बताए ।

उनले नयाँ र पुराना सबै राजनीतिक नेतृत्वमाथि समान मापदण्ड लागू हुनुपर्ने धारणा व्यक्त गरे । आयोगको अधिकार क्षेत्रमाथि पनि प्रश्न उठेको छ । पूर्वन्यायाधीशहरूको फोरमले आयोगको सूचनाले सबै पूर्वन्यायाधीशलाई अनिवार्यरूपमा सम्पत्ति विवरण बुझाउन बाध्य नपार्ने निष्कर्ष निकालिसकेको छ । उनीहरूले न्यायाधीशहरूको आचरण र सम्पत्तिको अनुगमन गर्ने अधिकार संविधानले न्याय परिषद्लाई दिएको तर्क गरेका छन् ।

यसले आयोगको संवैधानिक अधिकार क्षेत्र र कानुनी वैधताबारे थप बहस सिर्जना गरेको छ । यद्यपि सरकारले भने यी सबै आरोप अस्वीकार गरेको छ । सरकारका प्रवक्ता सस्मित पोखरेलले आयोगले कानुन र कार्यादेशको सीमाभित्र रहेर निष्पक्ष तथा पारदर्शीरूपमा काम गर्नेगरी कार्यादेश दिइएको हालै बताएका थिए । उनले आयोगमाथि अनावश्यक शंका नगर्न आग्रह गर्दै छानबिन प्रक्रियाले कसैलाई पूर्वाग्रहका आधारमा नहेर्ने बताएका छन् ।

■ ■ ■

## संसद्मा पाँच...

'नेपालले भारतको जग्गा मिच्यो भन्नु गलत हो तर यही शब्दलाई लिएर माफी माग्नुपर्छ भन्ने विषय सान्दर्भिक होइन,' उनले शुक्रबार भनेकी थिइन् ।

तर, कांग्रेस सांसद गंगालक्ष्मी अवालका अनुसार सरकारले गठन गरेको उच्चस्तरीय सम्पत्ति छानबिन आयोग गठन र आयोगलाई दिएको कार्यादेशमाथि पनि विपक्षीहरूले विरोध जनाउने भएका हुन् । आयोगलाई वर्तमान सरकार, पूर्व र वर्तमान राष्ट्रपति र उपराष्ट्रपति, नेपाली सेनालगायतको सम्पत्ति छानबिन नगर्नेगरी कार्यादेश दिएपछि यो एजेण्डा संसद्मा उठाउने भएका हुन् । उनीहरूले आयोगले गर्ने छानबिनको निष्पक्षता र पारदर्शितामा आशंका व्यक्त गर्दै आएका छन् ।

यसबाहेक हालै पारित भएको प्रतिनिधिसभा नियमावलीसम्बन्धी विषय पनि विपक्षी दलहरूको प्राथमिकतामा परेको छ । संविधानको मर्म र भावनाविपरीत नियमावली संशोधन गरिएको र संशोधित नियमावलीलाई विशेष कानुनको रूपमा मान्यता दिएको, फौजदारी कसुरमा सांसद निलम्बन नहुने व्यवस्था राखेको, बाधा अड्काउ फुकाउको नाममा सभामुखको विवेकाधिकार बढाएको भन्दै यो विषयलाई जोड्तोडले उठाउने तयारीमा विपक्षी दलहरू छन् ।

त्यसैगरी राष्ट्रिय मानवअधिकार आयोगले अघिल्लो साता बुझाएको प्रतिवेदन तथा सिफारिसहरूको कार्यान्वयन अवस्था पनि विपक्षीले उठाउने तयारी गरेका छन् । आयोगले जेन-जी आन्दोलनका क्रममा भएका मानवअधिकार उल्लंघनका घटनाबारे सरकारलाई दिएका सुझावहरू कार्यान्वयन हुन नसकेको भन्दै विपक्षी दलहरू कांग्रेस, नेकपा, श्रम संस्कृति र राप्रपाले सरकारको जवाफ माग्ने भएका छन् । मानवअधिकारको संरक्षण र प्रवर्द्धनका लागि सरकारको प्रतिबद्धता व्यवहारमा देखिनुपर्ने ती दलहरूका नेताहरूले बताउने गरेका छन् ।

यस्तै, विपक्षी दलहरूले सभामुख डोलप्रसाद अर्यालको भूमिकाबारे पनि प्रश्न उठाउने भएका छन् । पछिल्ला केही संसदीय गतिविधिमा सभामुखले निष्पक्ष र सन्तुलित भूमिका निर्वाह गर्न नसकेको आरोप विपक्षी दलहरूले लगाउँदै आएका छन् । विशेषगरी विपक्षी सांसदहरूले उठाएका विषयमा पर्याप्त समय र अवसर नदिएको तथा सरकारलाई सहज हुनेगरी सदन सञ्चालन गरेको उनीहरूको गुनासो छ ।


### मोटरसाइकल हरायो

मिति २०८३/०२/१३ गते बिहान अन्दाजी १:०० बजेको समयमा मध्यपुर थिमी नगरपालिका वडा नं.३ गट्टाघर, भक्तपुरमा घरको अगाडि पार्किङ्ग गरेको अवस्थामा बा.प्र.०२-०६५ प २१९४ नम्बरको कालो सेतो रङ्गको निम्न व्यहोरा भएको 150 सि.सि. को पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**सवारी धनीः लालु कुमार महत्तो**
**च्यासिस नं.:** MD2A11CX3SPH84127
**इन्जिन नं.:** DKXPSH65006
**सम्पर्क नं.:** 9708401673



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/२४ गते**

यस कम्पनीको मिति २०८३/०२/२२ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **थापा कागेश्वरी सप्लायर्स प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **थापा कागेश्वरी प्रोडक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि.नं. १५६७९२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## परराष्ट्रमन्त्री खनाल र विदेशमन्त्री जयशंकरबीच भेटवार्ता



**काठमाडौं (प्रस)–** भारत भ्रमणमा रहेका परराष्ट्रमन्त्री शिशिर खनालले भारतका विदेशमन्त्री डा. एस जयशंकरसँग भेटवार्ता गरेका छन् । शनिबार साँझ नयाँ दिल्लीमा उनीहरूबीच द्विपक्षीय भेटवार्ता भएको हो ।

भेटवार्ताका क्रममा उनीहरूबीच द्विपक्षीय व्यापार, लगानी, सम्पर्क सञ्जाल (कनेक्टिभिटी), ऊर्जा तथा जनस्तरका सम्बन्धलगायत विषयमा छलफल भएको बताइएको छ । परराष्ट्रमन्त्री खनाल विदेशमन्त्री जयशंकरको मैत्रीपूर्ण निमन्त्रणामा यही जेठ २२ देखि २४ गतेसम्म भारतको औपचारिक भ्रमणका लागि शुक्रबार नयाँ दिल्ली गएका हुन् ।

भ्रमणका क्रममा शुक्रबार परराष्ट्रमन्त्री खनाल र भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख डा. विजय चौथाईवालेबीच भेटवार्ता भएको थियो । परराष्ट्रमन्त्री खनालले शुक्रबार नै नयाँ दिल्लीमा इण्डिया फाण्डेसनद्वारा आयोजित एक कार्यक्रममा सम्बोधन गरेका थिए । उनी भ्रमण सम्पन्न गरी आज काठमाडौं फर्कने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ ।

## दोहामा श्रमिकका लागि सचेतना कार्यक्रम

**काठमाडौं–** कतारको दोहास्थित नेपाली राजदूतावासले शुक्रबार नेपाली श्रमिकका लागि सचेतना कार्यक्रमको आयोजना गरेको छ ।

नेपाली समुदायका लागि कतारको राष्ट्रिय मानवअधिकार समितिका कानुनी सल्लाहकार हमिद खानले आफ्नो प्रस्तुतिमार्फत कतारमा रहँदा पालना गर्नुपर्ने नियम, कानुनकाबारेमा जानकारी दिँदै कतार बसाइका क्रममा आइपर्नसक्ने सम्भावित जोखिमहरूका बारे सहभागीहरूलाई सचेत गराएका थिए ।

राजदूतावासकी श्रम सहचारी सीता दुवाडीले नेपालको श्रम कानुन, श्रम स्वीकृति प्रक्रिया तथा सामाजिक सुरक्षामा जोडिँदा लिन सकिने लाभका बारेमा जानकारी दिएकी थिइन् । *रासस*


### साउदीमा रोजगार

कम्पनी : ITA Agriculture Company
पूर्व स्वीकृति मिति : २०८३/०२/२२ | LT. No. 343045 | चलानी नं. ६०२५६३५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 2 | 0 | 1500 | ६०,६६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Small Truck Driver | 3 | 0 | 1500 | ६०,६६९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ३१ गते (14th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०:००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LION RECRUITMENT SERVICES PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082



### कुवेतमा रोजगार

कम्पनी : MAKER KUWAIT SNACK FOOD COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०२/२२ | चलानी नं.: ६०२५६३३१ | LT.No.: 343028

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters | 5 | 0 | स. काममा दक्ष | 130 | ६४,७८१ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ जेठ ३१ गते (14 June, 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



### साउदीमा रोजगार

कम्पनी : SECRET OF HAPPINESS TRADING ESTABLISHMENT | शहर : Dammam
पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२२ | LT. No. 338132 | चलानी नं. ६०२५१६५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 1000 | ४०,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ३१ गते (14th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Rajendra Ghimire 9865502308, Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**आइतबार, २४ जेठ, २०८३**

**मेष** – आज नयाँ अवसर प्राप्त हुन सक्छ र आर्थिक लाभ । साथीभाइसँग व्यवहार गर्दा संयम अपनाउनुहोस् ।

**वृष** – शिक्षाक्षेत्र र व्यवसायमा प्रगति हुने संकेत छ । प्रेम सम्बन्धमा खुसी र समझदारी बढ्नेछ ।

**मिथुन** – मान-सम्मान र प्रतिष्ठा बढ्ने दिन छ । अनावश्यक खर्चमा नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कर्कट** – सहकार्यबाट फाइदा मिल्नेछ । काममा धैर्य र सावधानी अपनाउँदा सफलता प्राप्त हुनेछ ।

**सिंह** – आर्थिक अवस्था बलियो बन्नेछ । परिवारको सहयोगले महत्वपूर्ण काम सम्पन्न हुनेछ ।

**कन्या** – शुभ समाचार प्राप्त हुन सक्छ । धार्मिक तथा सामाजिक कार्यमा सहभागिता बढ्नेछ ।

**तुला** – काममा केही चुनौती आउन सक्छ । स्वास्थ्य र पारिवारिक सम्बन्धमा ध्यान दिनुहोस् ।

**वृश्चिक** – धन लाभ र लगानीका अवसर प्राप्त हुन सक्छन स्वास्थ्यप्रति सचेत रहनु आवश्यक छ ।

**धनु** – आम्दानी बढ्ने र काममा सफलता मिल्ने योग छ । विरोधी पक्षबाट सतर्क रहनुहोस् ।

**मकर** – अध्ययन र व्यवसायमा प्रगति हुनेछ । पारिवारिक वातावरण सुखद र सहयोगी रहनेछ ।

**कुम्भ** – खर्च बढ्न सक्ने भएकाले आर्थिक व्यवस्थापनमा ध्यान दिनुहोस् । निर्णय गर्दा परिवारको सुझाव उपयोगी हुनेछ ।

**मीन** – आध्यात्मिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । परिवारको साथले आत्मविश्वास र उत्साह बढाउनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२४ जेठ, २०८३ (७ जुन, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.८४ | १५३.४४ |
| युरो | १ को | १७७.५८ | १७८.२८ |
| पाउन्ड स्टिर्लङ | १ को | २०५.६२ | २०६.४३ |
| स्विस फ्रेन्क | १ को | १९३.७५ | १९४.५१ |
| अस्ट्रेलियन डलर | १ को | १०९.५८ | ११०.०१ |
| क्यानाडियन डलर | १ को | ११०.३३ | ११०.७६ |
| सिङगापुर डलर | १ को | ११९.२५ | ११९.७२ |
| जापानी येन | १० को | ९.५६ | ९.६० |
| चिनियाँ युआन | १ को | २२.५८ | २२.६७ |
| साउदी अरब रियाल | १ को | ४०.७१ | ४०.८७ |
| कतारी रियाल | १ को | ४१.९३ | ४२.०९ |
| थाई भाट | ख १ को | ४.६७ | ४.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.६१ | ४१.७८ |
| मलेसियन रिङेट | १ को | ३८.२६ | ३८.४१ |
| दक्षिण कोरियन वन | १०० को | ९.९८ | १०.०२ |
| स्विडिस क्रोनर | १ को | १६.३३ | १६.३९ |
| डेनिस क्रोनर | १ को | २३.७६ | २३.८६ |
| हङकङ डलर | १ को | १९.५० | १९.५८ |
| कुवेती दिनार | १ को | ४९८.१७ | ५००.१३ |
| बहराइन दिनार | १ को | ४०५.३० | ४०६.८९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**बोटिङ्मा रमाउँदै युवा पुस्ता** | पछिल्लो समय बढ्दो गर्मीसँगै पर्यटकहरू विशेषगरी युवायुवतीहरूमाझ कायाकिङ् र स्टचाण्ड अप प्याडल बोटिङमा रमाउँदै । *तस्बिरः रासस*

# स्वयंसेवक साझेदारहरूसँग कोइकाको परामर्श कार्यशाला

■ प्रभाव संवाददाता




**काठमाडौं–** कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) ले नेपालमा सञ्चालन गरेका स्वयंसेवक कार्यक्रमलाई अझ प्रभावकारी बनाउन स्वयंसेवक साझेदार संस्थाहरूसँग परामर्श कार्यशाला आयोजना गरेको छ ।

कार्यशालाको प्रारम्भ गर्दै कोइका नेपालका देशीय निर्देशक मुहोन कोङले स्वयंसेवक परिचालन गरिएका संस्थाहरूको निरन्तर सहयोगप्रति आभार व्यक्त गर्दै कोइका स्वयंसेवक कार्यक्रमको प्रभावकारिता अभिवृद्धिमा ती संस्थाको महत्त्वपूर्ण भूमिका रहेको बताए । उनले ज्ञान, सीप र विशेषज्ञताको आदानप्रदानमार्फत साझेदार देशहरूको सामाजिक तथा आर्थिक विकासमा योगदान पुऱ्याउनुका साथै कोरिया र साझेदार मुलुकबीच मित्रता, आपसी समझदारी र सहकार्य प्रवर्द्धन गर्नु कार्यक्रमको प्रमुख उद्देश्य रहेको उल्लेख गरे ।

अर्थ मन्त्रालयका उपसचिव अर्जुन ढकालले सन् १९९१ यता कोरिया 'ओभरसिज भोलिन्टियर्स'ले नेपालको सामाजिक-आर्थिक विकासमा पुऱ्याएको योगदानको प्रशंसा गरे । उनले शिक्षा, स्वास्थ्य, कृषि तथा सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा स्वयंसेवकहरूले ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्दै परिश्रम, समयपालन र समर्पणजस्ता मूल्य स्थापित गर्न सहयोग गरेकामा कोरिया सरकारप्रति आभार व्यक्त गरे । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव प्रह्लाद कार्कीले स्थानीय तहसम्म ज्ञान र प्रविधि पुऱ्याएर कोरियाली स्वयंसेवकहरूले नेपाल र नेपालीलाई ठूलो गुन लगाएको बताए ।

कार्यशालामा कोइका नेपालले कोरिया ओभरसिज भोलिन्टियर्स कार्यक्रमसहित विभिन्न विकास सहकार्य पहलका बारेमा जानकारी गराएको थियो । त्यस अवसरमा कास्कीस्थित गौरीशंकर माध्यमिक विद्यालयमा प्रारम्भिक बालविकास स्वयंसेवकका रूपमा कार्यरत मिहचुन स्युङले बालविकास शिक्षामा आफूले गरिरहेका गतिविधिबारे जानकारी गराए ।

त्यसैगरी, ललितपुरको गोदावरी नगरपालिकामा पर्यटन स्वयंसेवकका रूपमा कार्यरत स्युङचुल काङले दक्षिण कोरियाको जेजु क्षेत्रलाई विश्वस्तरीय पर्यटकीय गन्तव्यका रूपमा विकास गरिएको अनुभव प्रस्तुत गर्दै नेपालमा दिगो पर्यटन प्रवर्द्धनका सम्भावनाबारे धारणा राखे । नेपाल रेडक्रस सोसाइटी, प्रादेशिक रक्तसञ्चार सेवा कास्कीका प्रतिनिधिले कोइकाको सहयोगमा सञ्चालित एक परियोजनाको अनुभव साझा गर्दै प्राप्त उपकरणहरूले रक्तदानसम्बन्धी गतिविधिमा सकारात्मक परिवर्तन ल्याएको बताए ।

उनले स्थानीय संस्थाको क्षमता अभिवृद्धिमा अन्तर्राष्ट्रिय स्वयंसेवी सहकार्य महत्त्वपूर्ण हुने धारणा व्यक्त गरे । विश्वभाषा क्याम्पसका क्याम्पस प्रमुख डा. महेन्द्रकुमार बुढाथोकीले कोइकासँगको लामो सहकार्य र कोरियाली स्वयंसेवकहरूको योगदानको चर्चा गर्दै हाल त्रिभुवन विश्वविद्यालयले कोरियाली भाषा शिक्षाको स्नातक तहको पाठ्यक्रम स्वीकृत गरिसकेको सन्दर्भमा थप स्वयंसेवक परिचालन हुने अपेक्षा व्यक्त गरे ।

कोइका एलुम्नाइ एसोसिएसन अफ नेपाल (कान) का अध्यक्ष नवराज गौतमले कोरियाली संस्कृति, सामाजिक व्यवहार र नेपालसँगका समानताबारे प्रस्तुति दिएका थिए । उनले स्वयंसेवकहरूको ज्ञान र अनुभवको अधिकतम उपयोग गर्न साझेदार संस्थाहरूलाई आग्रह गरे । ललितपुरमा शुक्रबार आयोजित कार्यशालामा स्वयंसेवकसँग सम्बन्धित साझेदार संस्थाका प्रतिनिधि, विभिन्न मन्त्रालय तथा विभागका अधिकारी, कोइकाका कर्मचारी र 'कोरिया ओभरसिज भोलेन्टियर्स' गरी ४७ जनाको सहभागिता थियो । *रासस*

# आठ विश्वविद्यालयका लागि उपकुलपतिको 'सर्टलिस्ट' मा को–को छन् ?

**काठमाडौं (प्रस)–** विभिन्न आठ विश्वविद्यालयको उपकुलपति पदका लागि प्राप्त आवेदनमध्ये अल्पसूची (सर्टलिस्ट) मा परेका उम्मेदवार हरूको नामावली सार्वजनिक गरिएको छ ।

उपकुलपति पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिको शुक्रबारको बैठकले त्रिभुवन विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयकाको उपकुलपतिको उम्मेदवारको सर्टलिस्ट सार्वजनिक गरेको हो ।

सरकारले 'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३' बमोजिम पहिलोपटक एकीकृत प्रक्रियामार्फत उपकुलपति नियुक्ति प्रक्रिया अघि बढाएको छ ।

सर्टलिस्टअनुसार त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, कृषि तथा वन विज्ञान विद्यालयमा समान १० र लुम्बिनी बौद्ध विश्वविद्यालयमा सात जना उम्मेदवार रहेका छन् । सर्टलिस्टमा रहेका उम्मेदवारहरूका सम्बन्धमा यही जेठ २५ गतेभित्र राय सुझाव दिन सकिने छ । प्राप्त सुझाव र मूल्यांकनका आधारमा अन्तिम सिफारिस प्रक्रिया अघि बढाइने जनाइएको छ ।

उपकुलपति पदका लागि कूल २१८ वटा आवेदन परेका थिए । त्यसमध्ये विज्ञले दिएको नम्बरको आधारमा अल्पसूची सार्वजनिक गरिएको हो ।

सरकारले गत वैशाख २४ गते त्रिभुवन विश्वविद्यालयसहित आठ विश्वविद्यालयमा रिक्त उपकुलपति पदका लागि दरखास्त आह्वान गरेको थियो । छनोट तथा सिफारिस समितिको जेठ १३ गते बसेको बैठकले प्राप्त आवेदनहरूको प्रारम्भिक परीक्षण गरी योग्य आवेदकहरूको दरखास्त स्वीकृत गरेको थियो ।

विश्वविद्यालयका कुलपति तथा प्रधानमन्त्री वालेन्द्र शाहले उपकुलपतिको नाम सिफारिस गर्न शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा सिफारिस समिति गठन गरेका थिए । उक्त समितिले विज्ञको नेतृत्वमा अर्को उपसमिति बनाएर विज्ञले दिएको नम्बरको आधारमा सर्टलिस्ट तयार गरिएको मन्त्रालयले जनाएको छ । नयाँ कार्यविधिअनुसार नियुक्ति प्रक्रियामा पारदर्शिता, योग्यता प्रणाली र प्रक्रियागत निष्पक्षता सुनिश्चित गर्न विज्ञ समितिमार्फत प्रारम्भिक छनोटको व्यवस्था गरिएको छ ।

## यी हुन् 'सर्टलिस्ट'मा परेका उम्मेदवार

**त्रिभुवन विश्वविद्यालय**
अमरप्रसाद यादव, कविप्रसाद पोखरेल, कृष्णराज आचार्य, गोविनद सुवेदी, टंकनाथ धमला, ताराप्रसाद भुसाल, दुर्गादत्त पौडेल, नन्दबहादुर सिंह, भोला थापा र रामप्रसाद रेग्मी

**पूर्वाञ्चल विश्वविद्यालय**
अजय भट्टराई, अनिलकुमार पोखरेल, अशोककुमार झा, जनार्दन लामिछाने, दिलीप पराजुली, देवन्द्र अधिकारी, नरेन्द्र कटुवाल, माधव लम्साल, विजुकुमार थपलिया र सुजनबाबु मरहट्टा

**सुदूरपश्चिम विश्वविद्यालय**
किशनदत्त भट्ट, खेमराज जोशी, चेतराज भट्ट, जगतकृष्ण पोखरेल, डमरुचन्द्र भट्ट, पदमराज जोशी, महेशकुमार जोशी, राजेन्द्र जोशी, रामप्रसाद घिमिरे र विष्णुविलास अधिकारी

**मध्यपश्चिम विश्वविद्यालय**
कल्याणी मिश्र त्रिपाठी, कविप्रसाद पोखरेल, चन्द्रप्रसाद रिजाल, देवबहादुर खड्का, नन्दबहादुर सिंह, पन्ना थापा, राजन सुवाल, लक्ष्मण ज्ञवाली, सरोज कोइराला र सुशीलकुमार शाही

**पोखरा विश्वविद्यालय**
चेतराज भट्ट, ज्ञानेश्वर शर्मा, दिपकबहादुर भण्डारी, दिलिप पराजुली, देवेन्द्र अधिकारी, निर्मला जमरकट्टेल, विजयसिंह सिजापती, वीरबहादुर खनाल क्षेत्री, सरोज कोइराला र सुजनबाबु मरहट्टा

**राजर्षि जनक विश्वविद्यालय**
अमरप्रसाद यादव, अशोककुमार झा, नन्दकिशोर साह, नरेन्द्र कटुवाल, राजनारायण यादव, रासबिहारी महतो, वसन्तकुमार कर्ण, विमलकुमार लाल कर्ण, श्यामकिशोर महतो र श्यामनारायण लाभ

**कृषि तथा वन विज्ञान विश्वविद्यालय**
अर्जुनकुमार श्रेष्ठ, ऋषिराम कट्टेल, कल्याणी मिश्र त्रिपाठी, कालिकाबहादुर अधिकारी, पुष्करबहादुर पाल, बलरामकुमार भट्ट, लालप्रसाद अम्गाई, विमलकुमार लाल कर्ण, विष्णुविलास अधिकारी र होमबहादुर बस्नेत

**लुम्बिनी बौद्ध विश्वविद्यालय**
चन्द्रकला घिमिरे, तिलकराम आचार्य, दीपकप्रसाद आचार्य, फणीन्द्रकुमार न्यौपाने, यशोधरा भेटुवाल, शारदा पौडेल र सुरेन्द्रमान बज्राचार्य

## एसइई पूरक परीक्षाको नतिजा दुई साताभित्र प्रकाशन गरिने

**काठमाडौं (प्रस)–** राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले माध्यमिक शिक्षा परीक्षा (एसइई) को पूरक (ग्रेडवृद्धि) परीक्षा सम्पन्न भएको दुई साताभित्र नतिजा प्रकाशन गर्ने गरी तयारी गरेको छ । आगामी असार १ देखि ९ गतेसम्म पूरक परीक्षा हुँदै छ । यसअघि, एसइई-२०८२ को परीक्षाफल एक महिनामा प्रकाशन गरिएको थियो । परीक्षा नियन्त्रक टुकराज अधिकारीले आगामी असार २५ गतेभित्र पूरक परीक्षाको परीक्षाफल प्रकाशन गरिने बताए ।

एसइईमा एक लाख ४६ हजार ५०७ विद्यार्थी 'ननग्रेडेड' भएकामा पूरक परीक्षामा कतिले सहभागिता जनाउँछन् भन्ने यकीन तथ्यांक प्राप्त भइनसकेको उनले बताए । 'ग्रेड सी' भन्दा कम प्राप्त गरेका विद्यार्थी पूरक परीक्षामा सहभागी हुने छन् ।

**हार्दिक श्रद्धाञ्जली**



जन्म २००४/०१/०५

स्वर्गारोहण २०८३/०१/१७

**स्व. नुर्वु ग्याल्जेन शेर्पा**

ठेगाना :– खुम्बुपासाङल्हामु गा.पा.५ नाम्चे सोलुखुम्बु, हालः– बौद्ध काठमाडौं

यस शेर्पा सेवा केन्द्रको संरक्षक सदस्य श्री नुर्वु ग्याल्जेन शेर्पाको ८३ बर्षको उमेरमा असामयिक निधन भएकोले आज २१औं दिनको पून्य तिथिमा दिवंगत आत्मको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**गेल्जे लामा**
अध्यक्ष
तथा
**सम्पूर्ण शेर्पा सेवा केन्द्र परिवार**
बौद्ध, टुसाल, काठमाडौं

# काठमाडौं महानगरको छात्रवृद्धि

# तीन हजार ७३५ विद्यार्थीको नाम भर्नाका लागि सिफारिस

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले शैक्षिक २०८३/८४ का लागि कक्षा ११ र १२ कोटामा पहिलो मनोनयन सूची (म्याचिङ लिस्ट) बाट तीन हजार ७३५ जना विद्यार्थीको नाम भर्नाका लागि सिफारिस गरेको छ ।

कक्षा ११ र १२ मा अध्ययन गर्न चाहने छात्रवृत्ति छनोट परीक्षाबाट योग्यता क्रमको अन्तिम सूचीमा प्रकाशित नामबाट भर्नाका लागि सिफारिस गरिएको परीक्षा समितिका संयोजक नमराज ढकालले जानकारी दिए ।

यसअघि प्रकाशित अन्तिम योग्यताक्रम, विद्यार्थीले आवेदन दिँदा रोजेको विषय र शिक्षण संस्थाको प्राथमिकता क्रमका आधारमा साधारण एवं आरक्षण र समूहगत रूपमा तोकिएको संख्याका आधारमा नाम सिफारिस गरिएको उनले बताए । शुक्रबार बसेको परीक्षा समितिको निर्णयअनुसार मनोनयन सूची प्रकाशन गरिएको छ ।

मनोनयनमा परेका परीक्षार्थीहरूले महानगरको छात्रवृत्तिसम्बन्धी पोर्टलमा छात्रवृत्ति परीक्षाको रोल नम्बर, जन्म मिति र पासवर्ड (मोबाइल वा इमेलमा प्राप्त) प्रयोग गरेर मनोनयन पत्र प्रिन्ट गर्ने व्यवस्था मिलाइएको छ । मनोनयपत्र लिएर जेठ २७ गतेभित्र तोकिएको शिक्षण संस्थामा अनिवार्यरूपमा भर्ना भइसक्नुपर्ने परीक्षा समितिका संयोजक ढकालले जानकारी दिए ।

प्रकाशित सूचीअनुसार शिक्षामा छ जना, मानविकीमा १२, कानुनमा ५०, व्यवस्थापनमा एक हजार ४०१ र विज्ञानमा दुई हजार २६६ जनाको नाम सिफारिस गरिएको छ । यसमा 'ल्याण्डफिल साइट' प्रभावित क्षेत्रबाट २८ जना, महानगरभित्रका स्थायीवासीबाट ४९२ जना, सामुदायिक विद्यालयबाट एसइई उत्तीर्ण गर्नेबाट एक हजार ५४५ जना, संस्थागत विद्यालयबाट उत्तीर्ण गर्नेबाट ४८१, अपांगता भएका व्यक्ति तथा अभिभावकमा अपांगता भएका परिवारबाट १३, आदिवासी जनजातिबाट १७३, खस आर्यबाट १९७, छात्रा कोटाबाट ४४०, थारुबाट ३९, दलितबाट ९६, पिछडिएको क्षेत्रबाट ४६, मधेसीबाट १४९, मुस्लिमबाट २२ र सहिद, बेपत्ता पारिएका, जेन-जी आन्दोलन, द्वन्द्वपीडित परिवारबाट १४ जना विद्यार्थी छन् ।

यस वर्षका लागि महानगरभित्रका १४५ वटा शिक्षण संस्थाका लागि चार हजार ८५७ कोटा निर्धारण गरिएको छ । पहिलो चरणमा मनोनयन भएका विद्यार्थीहरू तोकिएको मितिभित्र भर्ना नभई रिक्त रहन गएका सिटमा बाँकी रहेका विद्यार्थीको योग्यताक्रम र शिक्षण संस्थाको प्राथमिकताका आधारमा २८ गतेपछि दोस्रो चरणको मनोनयन सूची प्रकाशन हुने जनाइएको छ ।

**जापानमा रोजगार**

कम्पनी : Aiwork Cooperative Association

पूर्व स्वीकृति मिति : २०८२/१०/२८ | LT. No. 338827 | चलानी नं. ६०२५६३८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food Production Worker | 6 | 0 | 181480 | १,७२,००१ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | ५०,००० /- | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Yamanashi Medical Care Cooperative Business Association

पूर्व स्वीकृति मिति : २०८३/०२/१९ | LT. No. 342855 | चलानी नं. ६०२५६३८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 4 | 0 | 207700 | १,९६,८५२ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | १०,००० /- | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Yamanashi Medical Care Cooperative Business Association

पूर्व स्वीकृति मिति : २०८२/१०/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२३ | LT. No. 337268 | चलानी नं. ६०२५०९४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Worker | 0 | 4 | 186600 | १,७६,८५४ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | ४०,००० /- | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Yamanashi Medical Care Cooperative Business Association

पूर्व स्वीकृति मिति : २०८२/०८/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२३ | LT. No. 333616 | चलानी नं. ६०२४७५०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Worker | 0 | 6 | 182700 | १,७३,१५८ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | नि:शुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्केपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ जेठ ३१ गते (14 June 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1559/079/80

**FEWA OVERSEAS PVT. LTD**
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सरकार-प्रशासन द्वन्द्वः सुशासनको संकट

जेन-जी विद्रोहपछिको पहिलो निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नेतृत्व र वालेन्द्र शाहको प्रधानमन्त्रीत्वमा बनेको नयाँ सरकारप्रति आमनागरिकको ठूलो भरोसा थियो, त्यो अद्यपि कायम छ । परम्परागत राजनीतिक दलहरूको सत्ताकेन्द्रित कार्यशैलीबाट दिक्क भएका जनताले यो सरकारबाट द्रुत कार्य र सुशासनको अपेक्षा गरेका थिए। तर, सरकार गठन भएको छोटो समयमै सिंहदरबारभित्र देखिएको सरकार र कर्मचारीतन्त्रबीचको बढ्दो द्वन्द्वले नागरिकको त्यो आशामाथि चिसो पानी खन्याउने संकेत गरेको छ । पछिल्ला घटनाक्रमहरूले सरकार र स्थायी सरकार भनिने कर्मचारीतन्त्र टकरावको बाटोमा अघि बढेको स्पष्ट पार्छन् ।

प्रशासन र सरकारबीचको यो द्वन्द्वको मुख्य कारण कार्यशैलीमा रहेको भिन्नता र परिपक्वताको अभाव देखिन्छ । प्रधानमन्त्री शाहको नयाँ र 'आक्रामक' शैली अनि कर्मचारीतन्त्रको वर्षौं पुरानो कानुनी र प्रक्रियामुखी शैलीबीच उचित तालमेल मिल्न सकेको छैन । हालैमात्र राजदूत बन्ने चाहना राख्दै प्रधानमन्त्रीलाई मेसेज पठाएको आरोपमा नेपाल सरकारका सचिव कृष्णहरि पुस्करलाई प्रहरी लगाएर पक्राउ र केरकार गरिनु यसैको एउटा उदाहरण हो। प्रशासनिक मर्यादा र पदीय आचरणविपरीतका कार्यमाथि नियमन हुनु स्वाभाविक हो, तर एउटा मेसेजकै भरमा बहालवाला सचिवलाई अपराधीझैं नियन्त्रणमा लिनुले सरकारको अधिनायकवादी र अपरिपक्व चरित्र झल्काउँछ । यसले कर्मचारीतन्त्रमा भय र आतंक सिर्जना गरेको छ ।

सरकारले दलीय ट्रेड युनियन खारेज गर्नेजस्ता केही लोकप्रिय र साहसिक निर्णयहरू त गऱ्यो तर त्यसपछिको परिस्थिति व्यवस्थापन गर्न पूर्णरूपमा असफल देखियो। कर्मचारीहरूलाई जथाभावी सरुवा गर्ने, उनीहरूलाई दलीय ट्याग लगाएर हतोत्साही बनाउने र मन्त्रीहरूका व्यक्तिगत सनकका आधारमा कारबाही गर्ने प्रवृत्तिले प्रशासन संयन्त्र रक्षात्मक मोडमा पुगेको छ । अहिले सिंहदरबारका कर्मचारीहरू 'रोबोट' जस्ता भएका स्वयं कर्मचारीहरू बताउँछन् । जसले गर्दा निर्णय प्रक्रियामा रचनात्मक भूमिका खेल्नुको साटो आफू बच्नका लागि काम पन्छाउने र ठाडो आदेशमात्र पर्खने गर्न थालेका छन् ।

काम गरेकै भरमा कतिबेला फसिने हो भन्ने डरले कर्मचारीहरू तर्किंदा सरकारले घोषणा गरेको '१०० दिने कार्यसूची' कार्यान्वयनमा चुनौती देखिएको छ । कर्मचारी प्रशासनलाई त्रसित बनाएर होइन प्रोत्साहित गरेर सरकारको कामलाई चुस्त र प्रभावकारी बनाउनु अहिलेको आवश्यकता हो । विगतका प्रधानमन्त्री, मन्त्रीहरूले पनि कर्मचारीतन्त्रलाई नै दोष दिएर आफू पन्छिने गरेका थिए । वर्तमान सरकारका प्रधानमन्त्री-मन्त्रीले पनि त्यही प्रवृत्तिलाई निरन्तरता दिनु ठीक होइन। सरकारले के बुझ्न जरुरी छ भने, लोकतान्त्रिक र कानुनी राज्यमा केवल सस्तो लोकप्रियता वा उत्तेजनाका भरमा देश चल्दैन । नयाँ जोश र भिजन हुनु राम्रो पक्ष हो, तर त्यसलाई कार्यान्वयन गर्न मुलुकको स्थापित कानुनी प्रक्रिया र प्रशासनिक संयन्त्रलाई विश्वासमा लिनैपर्छ। विज्ञता र अनुभवको सम्मान नगरी शासन चलाउन खोज्नु प्रत्युत्पादकमात्र हुन्छ। कर्मचारीतन्त्रले पनि बदलिँदो जनचाहनाअनुरूप आफ्नो कार्यशैलीमा सुधार ल्याउनु अत्यावश्यक छ । अन्यथा, यो द्वन्द्वले सरकारलाई मात्र असफल बनाउने छैन, मुलुकको सुशासन र विकासको सपनालाई समेत धराशायी बनाउने निश्चित छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ। महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।

# वातावरणीय ह्रासको कारण र न्यूनीकरणका उपाय



❑ गम्भीरबहादुर हाडा

"जुनसुकै तरिकाबाट वातावरणीय विनाशलाई व्याख्या गरिएता पनि यसको मुख्य कर्ता भनेको मानव जाति नै हो । जनसंख्याको अत्यधिक वृद्धि, प्राकृतिक सम्पदामा जनसंख्याको अत्यधिक चाप, वातावरणमा विषाक्त ग्यासहरूको प्रभाव, आर्थिक क्रियाकलापबाट उत्पादन हुने विषाक्त पदार्थ तथा ग्यासहरूको उचित तरिकाको व्यवस्थापनको अभाव, कृषिमा उत्पादन बढाउनका लागि प्रयोग हुने रासायनिक मल र विषादीहरूको अत्यधिक उपयोग, प्राकृतिक स्रोत र सम्पदाहरूको दिगोरूपले प्रयोग नहुनुलगायत कारणले वातावरण विनाश निम्त्याउने गर्दछ ।

माटो, जल, वनस्पति, जीवजन्तु, पशुपक्षी, मानिस, वायुमण्डल आदि जैविक तथा अजैविक वस्तुहरूको प्राकृतिकरूपमा स्थापित सामूहिक संयोजन हो, वातावरण । यो सामूहिक संयोजन स्वस्थ जीवनका लागि अनिवार्य छ । तर आज विश्वभरि नै वातावरणको सन्तुलनमा आएको असन्तुलनले वातावरण प्रदूषित तथा विनाश हुँदै छ । विश्व आज स्वच्छ वातावरणको अभावमा विचलित हुँदै छ र विश्वका प्रायःजसो राष्ट्रहरू यस वातावरणीय समस्याबाट पीडित छन् । खास गरेर वातावरणीय प्रदूषणका लागि विकसित मुलुकहरूको आधुनिक प्रविधि, प्राकृतिक सम्पदाको अधिक तथा अनुचित उपभोग र विकासोन्मुख मुलुकहरूमा भएको तीव्र जनसंख्या वृद्धि तथा बढ्दो गरिबी नै प्रमुख रूपमा जिम्मेवार छन् ।

हावा, पानी र जमिनमा विभिन्न किसिमका भौतिक रासायनिक र जैविक परिवर्तन आई तिनीहरूको गुणस्तरमा ह्रास आउने प्रक्रिया नै प्रदूषण हो। प्रकृतिमा रहेका प्राकृतिक वस्तुहरूको अस्तित्व एवं सन्तुलनमा आएको गडबडीले यहाँ रहेका कतिपय वस्तुहरूको अस्तित्व नै लोप हुने अवस्था सिर्जना हुने अवस्था वातावरण प्रदूषणले निम्त्याएको छ। वातावरणमा रहेका जैविक तथा अजैविक अवयवहरूबीचको अन्तरक्रिया एवं अन्तरसम्बन्धमा प्रत्यक्ष वा अप्रत्यक्षरूपले परिवर्तन गरी वातावरणमा ह्रास पुऱ्याउने वा क्षति पुऱ्याउने प्रक्रिया बढ्दो छ । वातावरण प्रदूषणलाई वायु प्रदूषण, ध्वनी प्रदूषण, जल प्रदूषण, खाद्य प्रदूषण, औद्योगिक प्रदूषण, भूमि प्रदूषण, विकिरण प्रदूषण गरी विभिन्न भागमा बाँडेर अध्ययन गर्न सकिन्छ ।

वातावरणीय लघुकरण वा असन्तुलनको कारणले विभिन्न प्रकारका प्राकृतिक प्रकोपहरू बढ्दो छ। जसले नेपालमा बर्सेनि हजारौंको ज्यान लिने र ठूलो धनजनको क्षति हुने गरेको देखिन आउँछ । विश्वमा बर्सेनि सात करोड ८० लाख जनसंख्या थपिने गरेको तथ्यांक छ । यो जनसंख्या वृद्धि विकासशील राष्ट्रमा नै हुने गरेको छ । तिनै विकासशील देशको एकतिहाइ जनसंख्या स्वच्छ पानीको अभाव, एक चौथाइ जनसंख्या राम्रो बसोबासको अभाव, पाँच भागको एक भाग जनसंख्या आधुनिक स्वास्थ्य सेवाबाट वञ्चित रहेका छन् । ६० प्रतिशत जनसंख्या स्वच्छ वातावरणरहित अवस्थामा जीवन गुजार्न बाध्य छन् ।

वातावरणीय ह्रास मानवीय क्रियाकलापहरूमा भएका प्रतिकूल परिवर्तनका कारणबाट हुने गरेको छ । उक्त प्रतिकूल परिवर्तनमा वातावरणको मुख्य स्वरूप र तत्वहरूमा परिवर्तन आउँछ, जसबाट सम्पूर्ण जैविक समुदाय र मानव समाजमाथि प्रतिकूल असर पर्दछ । वातावरणीय ह्रास एउटा व्यापक पारिभाषिक शब्द हो, जसको अर्थ हुन्छ मानवीय क्रियाकलापहरूद्वारा पारिस्थितिक प्रणालीको स्थिरता तथा पारिस्थितिक सन्तुलनमा विभिन्न परिणामहरू भएको अवस्था एवं असन्तुलनको अवस्था उत्पन्न हुनु हो ।

वातावरणीय प्रदूषण तथा वातावरणीय ह्रास एक अर्थमा पर्यायवाची रूपमा प्रयोग गरेको पाइन्छ, तर पनि यी दुईको अवधारणा र अर्थका बीचमा भिन्नता रहेको पाइन्छ । वायु वातावरणको ह्रासको कारण नै प्रदूषण हो । त्यसैगरी वातावरणीय ह्रासको कारण प्रदूषण र प्राकृतिक संकट तथा प्रकोप हुन्छ । प्राकृतिक प्रक्रियाहरूद्वारा संकट र प्रकोप अचानक आउन सक्छ, जस्तैः भुइँचालो आउनु, बाढी आउनु, पहिरो जानु आदि । यस्ता संकट तथा प्रकोप भएका बेला राहतको आवश्यकता पर्दछ, साथै उक्त समस्याहरू आउनुभन्दा पूर्व नै भविष्यवाणी गर्न सकिन्छ र तिनबाट बच्ने उपायहरू तत्कालै अवलम्बन गर्न सकिन्छ ।

जुनसुकै तरिकाबाट वातावरणीय विनाशलाई व्याख्या गरिएता पनि यसको मुख्य कर्ता भनेको मानव जाति नै हो । जनसंख्याको अत्यधिक वृद्धि, प्राकृतिक सम्पदामा जनसंख्याको अत्यधिक चाप, वातावरणमा विषाक्त ग्यासहरूको प्रभाव, आर्थिक क्रियाकलापबाट उत्पादन हुने विषाक्त पदार्थ तथा ग्यासहरूको उचित तरिकाको व्यवस्थापनको अभाव, कृषिमा उत्पादन बढाउनका लागि प्रयोग हुने रासायनिक मल र विषादीहरूको अत्यधिक उपयोग, प्राकृतिक स्रोत र सम्पदाहरूको दिगोरूपले प्रयोग नहुनुलगायत कारणले वातावरण विनाश निम्त्याउने गर्दछ । समग्रमा भन्नुपर्दा मानव जातिका गतिविधिले गर्दा वातावरणमा अत्यधिक मात्रामा विषाक्त पदार्थहरू जम्मा हुन गई वातावरण नै असन्तुलित भएर मानव जातिका आर्थिक, सामाजिक र पर्यावरणीय आवश्यकताहरूलाई वातावरणले पूरा गर्न नसक्ने अवस्थामा पुग्ने प्रक्रिया नै वातावरण विनाश हो ।

वातावरणीय ह्रास तथा प्रदूषणको समस्यालाई निराकरण गर्ने महत्त्वपूर्ण उपायहरूमा वातावरणीय मानवअधिकारको क्षेत्रमा कार्यरत वातावरण रक्षकहरूको सूची तयार गरी उनीहरूको पेसागत सुरक्षाको सुनिश्चितता गर्ने, तीन तहकै सरकारको मातहतका विभाग, शाखा, एकाइमा कार्यरत कर्मचारीहरूलाई वातावरणीय सवाल र मानवअधिकारका पक्षहरूबारे अभिमुखीकरण गराउने, राष्ट्रियस्तरमा तयार भएको मानवअधिकार कार्ययोजना कार्यान्वयन गर्न/गराउन पहल गर्ने । मानवअधिकार कार्ययोजना सबै तहको सरकारमा तर्जुमा र कार्यान्वयनका लागि सहजीकरण गर्ने, सरकारले राष्ट्रिय मानवअधिकार आयोगलगायतका वातावरण, जलवायु परिवर्तन, जैविक विविधताजस्ता विषयसँग सम्बन्धित आयोग, परिषद्, कार्य समूह, कार्यदल आदि बनाउँदा वातावरणीय मानवअधिकारसँग सम्बन्धित व्यक्ति वा समूहलाई मनोनयन गर्ने, सरकारले गठन गर्ने वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धित विज्ञ समूहमा मानवअधिकारकर्मीको प्रतिनिधित्व सुनिश्चित गर्ने, मानवअधिकार आयोगले प्रत्येक वर्ष वातावरण, मानवअधिकार र विकाससँग सम्बन्धित विषयमा स्थिति प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने, सम्मेलन गर्ने, नीतिगत पुनरावलोकन र सरकारलाई नयाँ व्यवस्थाका लागि सिफारिस गर्ने आदिजस्ता कार्यक्रमहरू कार्यान्वयन गर्नु आवश्यक छ ।

वातावरणसँग सम्बन्धित कानुनले तोकेको कार्यालय र अधिकारीले जिम्मेवारी पूरा गरे नगरेको अनुगमन गरी आयोगको क्षेत्राधिकारअनुसार कारबाही प्रक्रिया बढाउने, वातावरण तथा विकासका विषयमा राष्ट्रिय जाँचबुझ तथा सार्वजनिक सुनुवाइ गर्न, वातावरण-मानवअधिकार उल्लंघनका घट्नाको उजुरी, प्रतिवेदनलगायतका सवाल समेटी प्रत्येक वर्ष संक्षिप्त प्रतिवेदन सार्वजनिक गर्न मानवअधिकार आयोगले अगुवाइ गर्ने, वातावरण क्षेत्रमा कार्यरत सरकारी गैरसरकारी क्षेत्र, सञ्चार जगत, व्यवसायी एवं वातावरण रक्षकको बीच कम्तीमा दुईवटा अन्तरक्रिया वा छलफल आयोजना गर्ने, वातावरण रक्षकको छुट्टै सञ्जाल निर्माण गर्न आवश्यक सहजीकरण एवं आर्थिक व्यवस्थाका लागि सरकारले पहल गर्नुपर्ने, विकास आयोजनाहरूको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन कार्यान्वयन अवस्थाको तेस्रो पक्षको निष्पक्ष अनुगमन संयन्त्रको विकास गर्नु जरुरी रहेको छ ।

प्राकृतिक स्रोत र वातावरण क्षेत्रलाई आधार बनाइ व्यवसाय गरिरहेका सबै खाले उत्पादक तथा सेवाप्रदायक निजी व्यवसायीहरूले आफ्नो उद्योग तथा कम्पनीमा वातावरण संरक्षणका लागि राष्ट्रिय मापदण्ड कार्यान्वयन गर्ने, तेस्रो पक्षबाट नियमितरूपमा वातावरणीय मापदण्ड कार्यान्वयनबारे अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने गराउने, वातावरणको सवालमा सरकार, नागरिक समाज र सञ्चार जगतसँगको सहकार्यमा नियमित छलफल सञ्चालन गर्नुपर्छ । प्रमाणमा आधारित समस्या समाधानमा अग्रसर हुने, मानवअधिकारको न्यूनतम मापदण्ड कार्यान्वयनका लागि प्रतिबद्धता हुने, आफ्नो उद्योग तथा प्रतिष्ठानले वातावरण संरक्षण र मानवअधिकार प्रवर्द्धनमा गरेका कामको अभिलेखीकरण, प्रकाशन र वितरण गर्ने, निजी क्षेत्रका संघसंस्थाले आबद्ध व्यवसायीहरूलाई संयुक्त राष्ट्रसंघले जारी गरेको व्यवसाय र मानवअधिकारको मार्गनिर्देशक सिद्धान्त, २०११ सम्बन्धी अभिमुखीकरण तथा कार्यान्वयन गर्न उत्प्रेरित गर्ने आदिजस्ता कार्यहरू गर्नु आवश्यक रहेको छ ।

आर्थिक वर्ष २०८३/८४ को बजेट वन, वातावरण तथा जलवायु अनुकूलनअन्तर्गत चुरे तथा तराई मधेस क्षेत्रको जलचक्रलाई दिगो बनाउन पानीका स्रोत संरक्षण तथा पोखरी निर्माण, पहिरो नियन्त्रण, तटबन्ध निर्माणलगायतका क्रियाकलाप सञ्चालन गर्न करिब एक अर्ब रूपैयाँ विनियोजन गरिएको छ । जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको समर्थन मूल्य निर्धारण गरी खरिद गर्ने कार्य सुरुआत गरिनुको साथै कर्णालीमा जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्ने कार्यक्रम राखिएको छ। कार्बन उत्सर्जन कटौतीबापत प्राप्त लाभमा स्थानीय समुदायलाई प्राथमिकता दिई उत्सर्जन न्यूनीकरणका लागि नतिजामा आधारित 'रेड प्लस' कार्यक्रम सञ्चालन गरिनुको साथै अन्तर्राष्ट्रिय जलवायु कोषको सहुलियतपूर्ण पुँजीमा निजी क्षेत्रको पहुँच पुग्ने व्यवस्था गरिने लक्ष्य राखिएको छ । डढेलो नियन्त्रणका लागि ड्रोन तथा स्याटलाइटको उपयोग गरी 'रियल टाइम' सूचना आदानप्रदान गर्ने नीति राखिएको छ र जोखिमयुक्त क्षेत्रमा मानव-वन्यजन्तु सहअस्तित्व कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको छ। प्रमुख सहरहरूमा वायु प्रदूषण मापन केन्द्र र केन्द्रीय वातावरण प्रयोगशालाको स्तरोन्नति गरिनुका साथै वन, वातावरण तथा जलवायु क्षेत्रका लागि १२ अर्ब ३१ करोड रूपैयाँ विनियोजन गरिएको छ।

पृथ्वीमा निरन्तर बढ्दो तापक्रमले वातावरण, आर्थिक तथा सामाजिक क्षेत्रमा असर पारेको छ । यसले मानव समुदाय र पारिस्थितिकीय प्रणालीबीचको सन्तुलन कायम गर्ने चुनौतीसमेत थपेको छ । जर्मन वाच नामक अन्तर्राष्ट्रिय संस्थाले सन् २०२५ मा गरेको दीर्घकालीन जलवायु जोखिम सूचकांक (१९९३-०२२) को अध्ययनअनुसार नेपाल जलवायु परिवर्तनका दृष्टिकोणबाट उच्च जोखिम भएका मुलुकमध्ये ६९औं स्थानमा पर्दछ । जलवायु परिवर्तनका सवाललाई सम्बोधन गर्न नेपाल जैविक विविधता महासन्धि, संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि, क्योटो प्रोटोकल, पेरिस सम्झौतालगायतका संरचनाको पक्ष राष्ट्र रहेको छ। जलवायु परिवर्तन उत्थानशीलता अभिवृद्धि राष्ट्रिय जलवायु नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७, तथा अनुकूलन कार्ययोजनाको राष्ट्रिय खाका, २०७७ र जलवायु परिवर्तनसम्बन्धी सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०७७-०८७) जस्ता नीतिगत एवं संस्थागत व्यवस्था गरिएका छन् । यी नीतिको प्रभावकारी कार्यान्वयनमा जोड दिनु आजको आवश्यकता हो ।

## पाठक मञ्च

# मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यदललाई सुझाव

विगत लामो समयदेखि मुलुकका विभिन्न पत्रपत्रिका तथा सञ्चारमाध्यमहरूमा कृषकका पीडा र बाध्यताका कथाहरू निरन्तर छापिँदै आएका छन् । हालैमात्र सरकारले बाँदर, बँदेल, नीलगाई, दुम्सीलगायतका वन्यजन्तुले कृषि बालीनालीमा पुऱ्याइरहेको क्षति नियन्त्रणका उपाय खोज्न सर्वसाधारण र विज्ञहरूबाट सुझाव संकलन सुरु गरेको समाचारले आशा र संशय दुवै पैदा गरेको छ । वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत गठित मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन, प्राविधिक कार्यदलले देशैभरिबाट व्यावहारिक एवं कार्यान्वयनयोग्य उपायहरू संकलन गर्न देखाएको तत्परता सराहनीय छ । ढिलै भए पनि सरकारले यस राष्ट्रिय समस्यालाई गम्भीरताका साथ लिएको महसुस भएको छ । तर, विगतका नीतिगत ढिलासुस्ती र कार्यान्वयनको फितलो अवस्थालाई हेर्दा यो कार्यदल पनि केवल प्रतिवेदन बुझाउने र दराजमा थन्किने अर्को एउटा दस्तावेजमात्र बन्ने त होइन भन्ने आशंका किसानहरूमा कायमै छ ।

आज नेपालको ग्रामीण भेगका कृषकहरू इतिहासकै सबैभन्दा ठूलो संकटबाट गुज्रिरहेका छन्। पूर्वी पहाडदेखि सुदूरपश्चिमसम्म वन्यजन्तुको निरन्तर आतंकका कारण हजारौं परिवारले पुस्तौंदेखि गर्दै आएको खेतीपाती छोड्नु परेको छ । दिनरात खेतबारी कुर्नु, बाली जोगाउन ज्यानको बाजी लगाउनु र अन्ततः रित्तो हात रुनु आज नेपाली किसानको नियति बनेको छ । विभिन्न तथ्यांकहरूले देखाएअनुसार मध्यपहाडका ६० प्रतिशतभन्दा बढी घरपरिवार बाँदरको समस्याबाट प्रत्यक्ष पीडित छन् भने कतिपय जिल्लामा ७४ प्रतिशतभन्दा बढीले खेतीपाती नै छाडिसकेका छन् । बालीनाली सखाप भएपछि जीविकोपार्जनको अन्य विकल्प नहुँदा ग्रामीण क्षेत्रबाट तीव्ररूपमा बसाइँसराइ भइरहेको छ, जसका कारण गाउँका गाउँ रित्तिँदै छन् र खेतीयोग्य जमिन बाँझो झाडीमा परिणत भइरहेका छन् । यो अब कुनै एउटा गाउँ वा जिल्लाकोमात्र समस्या रहेन, यसले देशकै खाद्यसुरक्षा र ग्रामीण अर्थतन्त्रको मेरुदण्डमाथि प्रहार गरिरहेको छ ।

हालै व्यवस्थापिका संसद्मा प्रधानमन्त्रीले व्यक्त गरेको विचार र कार्यदलको गठनले राज्य यो समस्याप्रति केही हदसम्म ब्यूँझिएको संकेत गर्छ । सरकारले रातो बाँदरलाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरी नियन्त्रणको केही खुकुलो नीति ल्याए पनि फिल्डमा त्यसको व्यावहारिक प्रयोग चुनौतीपूर्ण देखिएको छ । केवल बाँदर धपाएर वा तारबार (वायरिङ) गरेरमात्र यो समस्याको दीर्घकालीन समाधान सम्भव छैन ।

यस सन्दर्भमा कार्यदललाई मेरा केही महत्त्वपूर्ण सुझावहरू छन् । पहिलो, वन्यजन्तुलाई मानव बस्ती र खेतबारीमा आउनबाट रोक्न उनीहरूको प्राकृतिक बासस्थान (जंगल)भित्रै पर्याप्त आहारा र पानीको व्यवस्था गरिनुपर्छ। जंगलमा फलफूलका बोटबिरुवा रोप्ने र पानीका मुहानहरू संरक्षण गर्ने कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ । दोस्रो, परम्परागत बालीको सट्टा वन्यजन्तुले नरुचाउने वा क्षति नपुऱ्याउने वैकल्पिक व्यावसायिक बालीहरू (जस्तैः कागती, अमिलो जातका फलफूल, बेसार, अदुवा, मेन्था, वा सुगन्धित वनस्पति) खेतीतर्फ किसानलाई आकर्षित र प्रोत्साहित गरिनुपर्छ।

तेस्रो, राहत र क्षतिपूर्ति प्रणालीमा आमूल सुधार आवश्यक छ । हालको राहत वितरण प्रक्रिया निकै झण्झटिलो र सुस्त छ। त्यसैले, बाली तथा पशुधन बिमालाई अनिवार्य र सहज बनाउँदै झण्झटमुक्त डिजिटल प्रणालीमार्फत तत्काल क्षतिपूर्ति पाउने व्यवस्था गरिनुपर्छ ।

अन्तमा, वन्यजन्तुको संरक्षण र मानवको अस्तित्वबीच सन्तुलन कायम गर्नु आजको मुख्य आवश्यकता हो। वन्यजन्तुको अधिकारको वकालत गरिरहँदा, ती वन्यजन्तुका कारण भोकभोकै पर्न लागेका र थातथलो छोड्न बाध्य भएका किसानको मानवअधिकार र बाँच्न पाउने अधिकारलाई भुल्नु हुँदैन । यो कार्यदलले केवल दस्तावेज समीक्षामामात्र सीमित नरहेर सीधै फिल्डमा गई 'पाइलट परीक्षण' गर्ने जुन योजना बनाएको छ, त्यो स्वागतयोग्य छ । तीन महिनाको अवधिमा बुझाइने भनिएको यो प्रतिवेदन केवल सैद्धान्तिक सुझावहरूको पुलिन्दामात्र नभई, जमिनको वास्तविक भोगाइ र पीडालाई प्रतिविम्बित गर्ने एउटा ठोस, व्यावहारिक र समयबद्ध मार्गचित्र बनोस् । सरकारले यसलाई राजनीतिक दाउपेचभन्दा माथि उठेर दृढ इच्छाशक्तिका साथ कार्यान्वयन गरोस् भन्ने आग्रह गर्दछु ।

**- समर्पण राई**
खोटाङ (हाल काठमाडौं)

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**थांका लेख्न सिक्दै**
काभ्रेपलाञ्चोकको डाँडापारिस्थित खानीखोलाका युवाहरू थांका लेख्न सिक्दै । युवाहरूलाई आत्मनिर्भर र व्यावसायिक बनाउने उद्देश्यले उद्योग तथा वाणिज्य कार्यालय धुलिखेल बागमती प्रदेशको आयोजना तथा खानीखोला गाउँपालिकाको समन्वयमा यहाँका १७ जना युवालाई एक महिनासम्मको तालिम दिइएको हो । *तस्बिरः पेमा लामा/रासस*

# पोखरालाई हराभरा बनाउन 'ग्रिन पोखरा, क्लिन पोखरा' अभियान

**गण्डकी–** पोखरालाई स्वच्छ र हराभरा बनाउने उद्देश्यले सुरु गरिएको 'ग्रिन पोखरा, क्लिन पोखरा' अभियानअन्तर्गत शुक्रबार छ हजार बढी बोटबिरुवा रोपिएको छ । विश्व वातावरण दिवसको अवसर पारेर पोखरा महानगरपालिकाका विभिन्न क्षेत्रमा वृक्षरोपण गरिएको हो ।

नगरप्रमुख धनराज आचार्यको उपस्थितिमा पोखरा उपत्यका नगर विकास समितिको कार्यालय परिसरमा विभिन्न प्रजातिका फलफूलका बोट रोपिएको नगर कार्यालयले जनाएको छ । पोखरालाई हरित सहरका रूपमा विकास गर्न 'ग्रिन पोखरा, क्लिन पोखरा' अभियान थालिएको नगरप्रमुख आचार्यले बताए । सोहीअन्तर्गत पोखरामा मेगा वृक्षरोपण अभियान सञ्चालन भइरहको उनको भनाइ छ ।

महानगरले हरेक परिवारलाई आआफ्नो स्थानमा बोटबिरुवा लगाएर उक्त अभियानमा योगदान गर्न आह्वान गरेको छ। घर तथा पसल अगाडि लगाइएका बिरुवाको नियमित गोडमेल तथा संरक्षण गर्न महानगरले सर्वसाधारणलाई अनुरोध गरेको छ । सहरको सौन्दर्यीकरणसँगै वातावरणीय स्वच्छता प्रवर्द्धनका लागि महानगरले पोखराका मुख्य सडक क्षेत्रमा फूल रोप्न सुरु गरेको हो ।

वन विज्ञापन अध्ययन संस्थापन र वन तथा वातावरणविज्ञको सुझावका आधारमा वृक्षरोपण अभियान सञ्चालन गरिएको नगरप्रमुख आचार्यले उल्लेख गरे । उनका अनुसार पोखराको सात सय किमी सडक, झण्डै ६७ किलोमिटर नदी तथा खोलाकिनार, २९ सार्वजनिकस्थलको १२५ हेक्टर खुला क्षेत्रमा ३८ प्रजातिका दुई लाख २६ हजार बोटविरुवा लगाउने महानगरको योजना छ ।

पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालले 'ग्रिन पोखरा, क्लिन पोखरा'को अभियानलाई सार्थक तुल्याउन नगरवासीले आफ्नो घरछेउका बोटबिरुवा संरक्षणको दायित्व लिनुपर्ने बताए । वातावरणलाई सफा, स्वच्छ र हराभरा बनाउनका लागि महानगरपालिका सधैं नगरवासीको साथमा रहेको उनको भनाइ छ ।

विज्ञहरूको सुझावअनुसार महानगर क्षेत्रमा वर, पिपल, शमी, पैयुँ, कोइरालो, टाँकी, लालीगुराँस, असारे, आँप, अमला, अशोका, कल्की फूल, राइखन्यु, गुलमोहर, बैंस, लालुपाते, कागज पाते, पालम, धुपी, बाँस, खयर, सिसौ, पाखुरी, राजवृक्ष, रातो पाते, सिना एक्साटाविलिस, टिकोमा, कपुर, लिची, किम्बु, बेल, अम्बा, निमारो, कदम, रुद्राक्ष, बेडुला, नारेश्वर, जंगली केरालगायत बोटबिरुवा रोप्न सकिन्छ ।

गण्डकी प्रदेश राजधानी पोखरामा भइरहेको बढ्दो आवादी र तीव्र सहरीकरणले वातावरणीय स्वच्छतामा चुनौती थपिएको छ । बेलाबेलामा यहाँको वायु गुणस्तर पनि खस्कने गरेको छ । *रासस*

# चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा बाघका आहार प्रजातिको सर्वेक्षण सम्पन्न

**चितवन (प्रस)–** चितवन र पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा बाघका आहार प्रजातिको सर्वेक्षण सम्पन्न भएको छ । जेठ १ गतेदेखि सुरु गरिएको सर्वेक्षण हालै सम्पन्न भएको हो ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार बाघ गणनाको कार्य सम्पन्न भएपछि आहार प्रजातिको सर्वेक्षण गरिएको हो । यसका लागि नौ वटा समूह गठन गरी २० दिनसम्म दुई वटा हात्ती प्रयोग गरिएको थियो । प्रत्येक हात्तीमा तीन जनाका दरले प्राविधिक जनशक्ति परिचालन गरिएको उनले जानकारी दिए ।

उनका अनुसार नवलपरासीको त्रिवेणीदेखि रौतहटसम्म बाघ गणना गरिएका क्षेत्रमा करिब ४०० वटा ट्राञ्जेक्ट (मार्ग) बनाएर आहार प्रजातिको सर्वेक्षण गरिएको थियो । निकुञ्जको चुरे क्षेत्र तथा घाँसे मैदानमा तीनदेखि पाँच किलोमिटर दूरीलाई एक ट्राञ्जेक्ट मानी सर्वेक्षण गरिएको थियो ।

हात्तीमा चढेर प्रत्यक्ष अवलोकनका क्रममा देखिएका जनावरको अभिलेखीकरण गरी सर्वेक्षण गरिएको थापामगरले बताए । बाघका प्रमुख आहार प्रजातिमा जरायो, चितल, लगुना र रतुवा गरी चार प्रकारका मृग पर्छन् । यसका अतिरिक्त गौरीगाई, बँदेल, नीलगाई तथा बाँदर पनि बाघका आहार प्रजातिका रूपमा रहेका छन् । सर्वेक्षण सम्पन्न भएसँगै प्राप्त तथ्यांकको विश्लेषण तथा अध्ययनको काम सुरु गरिएको निकुञ्जले जनाएको छ ।

# 'कानुन निर्माणमा तीन तहका सरकारबीच सहकार्य हुनुपर्छ'

■ प्रभाव संवाददाता




**कैलाली–** सभामुख डोलप्रसाद अर्यालले कानुन निर्माण गर्दा तीन तहका सरकारबीच समन्वय एवं सहकार्य हुनुपर्ने बताएका छन् । अन्तरव्यवस्थापिका मञ्चले टीकापुरमा शनिबार आयोजना गरेको अन्तरव्यवस्थापिका सम्मेलनमा उनले संघीयता कार्यान्वयनमा संघीय संसद् र प्रदेशसभाबीच प्रभावकारीरूपमा समन्वय, सहयोग र सहकार्य हुनुपर्ने बताएका हुन् ।

तीन तहका सरकारबीचको समन्वय र सहकार्यमा नबाझिनेगरी कानुन निर्माण हुनुपर्नेमा जोड दिँदै सभामुख अर्यालले भने, 'तीनवटै तहका सरकारले बनाउने कानुन नबाझिने गरी काम गर्न म प्रतिबद्ध छु । सबैसँग समन्वय, सहकार्य गरेर कानुन निर्माणलाई अगाडि बढाउने छु । आपसी समन्वय र सहकार्यलेमात्र जनताका अपेक्षालाई बुझेर काम गर्ने वातावरण बन्ने छ ।'

कानुन निर्माण हुँदा लक्षित वर्गलाई केन्द्रमा राख्नुपर्नेमा सभामुख अर्यालले जोड दिए । कानुनको कार्यान्वयन गर्नुपर्ने वर्गले कानुन निर्माण भएपछि मात्रै थाहा पाउँदा कार्यान्वयनमा चुनौती देखिँदै गएको भन्दै उनले लक्षित समूहसँग समन्वय र सहकार्य गरेरमात्रै कानुन निर्माण गरिनुपर्ने बताए ।

सभामुख अर्यालले संघीयताले सिंहदरबारको अधिकार गाउँगाउँमा पुऱ्याउने भनिए पनि त्यो अधिकार अझै सिंहदरबार बाहिर जान नसकेको बताएका छन् । 'अझै हामीले जनतालाई दिनुपर्ने अधिकार गाउँगाउँसम्म पुऱ्याउन सकेका छैनौं,' उनले भने ।

## तीन तहको सरकारमा समन्वयको अभाव

राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले स्थानीय र प्रदेशसँग संघीय सरकारको समन्वय नपुगेको गुनासोलाई संघीय संसद्ले सम्बोधन गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए । संघले आवश्यक कानुन नबनाउँदा प्रदेश र स्थानीय तहलाई समस्या भएको स्वीकार गर्दै उनले संवैधानिक अधिकारसहित प्रदेश र स्थानीय तहलाई काम गर्ने वातावरण बनाउनुपर्ने धारणा राखे ।

'संघले कानुन निर्माणमा गरेको ढिलाइले प्रदेश सरकारले आवश्यक कानुन बनाउन र कार्यान्वयन गर्न सकेको छैन,' उनले भने । जनताका भावनालाई आत्मसात् गर्दै लोकतन्त्रलाई मजबुत बनाउनेतर्फ तीनवटै तहको भूमिका महत्त्वपूर्ण रहेको उनको कथन थियो । अध्यक्ष दाहालले कानुन निर्माणमा संघीय सदनले बढी तदारुकता देखाउन आवश्यक रहेको बताए । उनले भने, 'द्रुत गतिमा कानुन निर्माणका काम किन भएका छैनन् । त्यसका कारण खोज्न जरुरी छ । जनताले हामीलाई कुरा गर्न पठाएका होइनन् ।' संघीय संसद्का दुवै सदन र सातवटै प्रदेशसभाका सभामुख सहभागी सम्मेलन आज सम्पन्न हुने छ ।

**बिपी राजमार्ग**

# रातको समयमा अनिश्चितकालीन बन्द निरन्तर

**काभ्रेपलाञ्चोक–** बेमौसमी वर्षासँगै आउने पहिरोका कारण दिनानुदिन बिपी राजमार्ग अवरुद्ध हुन थालेपछि काभ्रेपलाञ्चोकस्थित सडकखण्डमा रातको समयमा गराउँदै आइएको अनिश्चितकालीन बन्द शुक्रबारदेखि पुनः थप गरिएको छ ।

जिल्ला सुरक्षा समितिको शुक्रबारको बैठकले वर्षालगायत जोखिमका कारण एक महिनादेखि साँझ ५:०० बजेदेखि बिहान ५:०० सम्मको बन्दलाई दुई घण्टा घटाएर पुनः अनिश्चितकालीनरूपमा राजमार्गमा आवागमन बन्द गराइएको हो ।

समितिले उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरको कटुञ्जेस्थित चौकीडाँडाबाट सिन्धुलीको नेपालथोकसम्म सडकखण्डमा रातको समयमा आवागमन बन्द गराएको जनाएको छ । अर्को सूचना जारी नभएसम्म रातको समयमा गराइएको बन्दलाई दुई घण्टा घटाएर साँझ ६:०० देखि बिहान ४:०० बजेसम्म गराइएको समितिका संयोजकसमेत रहेका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताए ।

अधिकारीका अनुसार हालको समयमा दिन लम्बिएकाले यात्रु तथा विभिन्न व्यवसायीको मागलाई ध्यानमा राखेर बन्दको समय घटाइएको हो । बेमौसमी वर्षाका कारण रोशी खोलामा बाढी आउँदा खोलाको सतह बढेर डाइभर्सन बगाउँदा सडक अवरुद्ध हुने भएकाले गत वैशाख २२ गतेदेखि साँझ ५:०० देखि बिहान ५:०० बजेसम्मको समयमा अनिश्चितकालीन रागमार्ग बन्द गराइएको थियो ।

वैशाख २१ गते राति वर्षाका कारण बिपी राजमार्गअन्तर्गत रोशी गाउँपालिका-७ स्थित लास्कोट र घुमाउनेको बीचमा फसेका पाँचवटा माइक्रो बसका ८९ यात्रुको राति उद्धार गर्नुपरेको थियो । यसको भोलिपल्टै समितिले रातको समयमा आवागमन बन्द गराउँदै आएको हो । सम्भावित जोखिमलाई मध्यनजर गर्दै नेपाल प्रहरी तथा ट्राफिक प्रहरीबाट खटिएको प्रहरी टोलीले सुरक्षित स्थानमा रोक्दारोक्दै लापरवाहीपूर्ण तरिकाले यात्रुको जीउधनलाई बेवास्ता गरेको जनाउँदै प्रहरीले सवारी चलाउने ती माइक्रो बसका चालकलाई नियन्त्रणमा लिई कारबाहीसमेत गरिएको थियो ।

यसैबीच, प्रहरीले राजमार्गको अवस्था बुझेरमात्रै यात्रा गर्न सर्वसाधरणलाई अनुरोध गरेको छ । गत सालको बाढीपहिरोले रागमार्गको चौकीडाँडा, रोशी तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा १८ किलोमिटर सडक बगाएपछि खोलामै डाइभर्सन निर्माण गरी आवागमन गराउँदै आइएको छ । *रासस*

# अन्नपूर्ण पदमार्गमा बृहत् सरसफाइ

**मुस्ताङ (प्रस)–** यहाँस्थित नेपाली सेना र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमद्वारा राउण्ड अन्नपूर्ण चक्रीय पदमार्गको बृहत् सरसफाइ गरिएको छ । सैनिक उच्चशिखर शिक्षालय कैसाङको आयोजना तथा एक्याप जोमसोमको समन्वयमा मनाङ-मुस्ताङ सीमाना थोरङपासदेखि थोरङफेदीसम्मको पर्यटकीय पदमार्गको बृहत् सरसफाइ गरिएको हो ।

> समुद्री सतहको पाँच हजार ४१६ मिटरको उचाईमा अवस्थित थोरङ्पासदेखि समुद्री सतहको ४२ सय मिटरको उचाइमा रहेको थोरङफेदी (च्याम्बर भू) सम्म करिब १७० जना बढी सैनिक शिक्षार्थीहरूले फोहोर संकलन गरी सरसफाइ गरेको थिए ।

यहाँको सैनिक उच्च शिखर शिक्षालयका आयोजनामा उच्च हिमाली तथा तथा दुर्गम पहाडी क्षेत्रमा नेपाली सेनाका जवानहरूलाई हिमाली युद्ध कला तथा विपद् प्रतिकार्यसम्बन्धी तालिम दिने क्रममा मनाङ हुँदै मुस्ताङ प्रवेश गर्ने पर्यटकीय पदमार्गको सरसफाइ गरिएको हो ।

समुद्री सतहको पाँच हजार ४१६ मिटरको उचाईमा अवस्थित थोरङ्पासदेखि समुद्री सतहको ४२ सय मिटरको उचाइमा रहेको थोरङफेदी (च्याम्बर भू) सम्म करिब १७० जना बढी सैनिक शिक्षार्थीहरूले फोहोर संकलन गरी सरसफाइ गरेको एक्याप जोमसोमका प्रमुख राजेश गुप्तले जानकारी दिए । उक्त पदमार्गको फोहोर संकलन केन्द्रमा जम्मा भएका फोहोर र सरसफाइ गरी संकलन गरिएका फोहोर गरी ४० बोरा थोरङ्फेदीको सडकमार्गसम्म झारिएको थियो । त्यसपछि संकलित गरी थोरङफेदी झारिएका फोहोरलाई एक्यापले जोमसोम कार्यालयमा ल्याएको प्रमुख गुप्तले बताए ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत लमजुङको बेँसी सहरदेखि मनाङ हुँदै विदेशी पर्यटक उक्त पदमार्ग प्रयोग गरी मुस्ताङ आइपुग्छन् । राउण्ड अन्नपूर्ण चक्रीय पदमार्गअन्तर्गत थोरङपास पर्यटकीय पदमार्ग कठिन र चुनौतीपूर्ण पर्यटकीय पदमार्ग हो । उक्त पदमार्गमा बर्सेनि चैत र वैशाख र असोज र कात्तिकमा विदेशी पर्यटकले बढी मात्रामा पदयात्रा गर्ने गरेको एक्याप प्रमुख गुप्तले बताए ।

मनाङ मुस्ताङ पर्यटकीय पदमार्गमा पर्यटकहरूले मिल्काएका फोहोर संकलन गरी व्यवस्थापन गर्ने कार्य भएको प्रमुख गुप्तको भनाइ छ । उच्च हिमाली पर्यटकीय पदमार्गहरूमा फोहोरमैला व्यवस्थापन गरी वातावरणीय स्वच्छता तथा दिगो पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन सैनिक शिक्षार्थीहरूले महत्त्वपूर्ण भूमिका खेलेको एक्यापले उल्लेख गरेको छ ।

# मुस्ताङ अस्पतालमा बढे बिरामी




**मुस्ताङ–** प्रदेश अस्पताल जोमसोममा पछिल्लो समय बिरामीको संख्या दैनिकरूपमा वृद्धि हुन थालेको छ । जिल्लाकै एकमात्र २५ शयचाको अस्पतालमा आउने बिरामीको संख्या वृद्धिसँगै व्यवस्थापन पक्षमा समस्या र चुनौती थपिन थालेको छ ।

गर्मीयाम सुरु भइसकेको र पर्यटकलाई मुस्ताङ भ्रमण गर्न अनुकूल भएकाले यहाँको प्रदेश अस्पताल जोमसोममा बिरामीको संख्या अपेक्षाकृतरूपमा ह्वात्तै बढेको प्रदेश अस्पताल जोमसोमकी निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा. समीक्षा कँडेलले जानकारी दिइन् । गर्मीयाम भएकाले मुस्ताङका स्थानीय बेसी छोडेर जिल्ला फर्किएका र यहाँ आएका पर्यटक विभिन्न कारणले बिरामी पर्ने समस्याले अस्पतालमा बिरामीको संख्या वृद्धि हुन पुगेको उनले बताइन् ।

मुस्ताङ आएका कतिपय पर्यटकलाई लेक लाग्ने भएकाले यस्ता प्रकृतिका बिरामी सेवा लिन आउने गरेका डा. कँडेलको भनाइ छ । गर्मीयामका कारण हुने बिरामी नभई विभिन्न प्रकारका समस्याले पर्यटक, स्थानीय र ज्याला मजदुरी गर्ने सर्वसाधारण बिरामी हुने भएकाले अस्पतालमा बिरामीको संख्या बढेको उनी बताउँछिन् ।

प्रदेश अस्पताल २५ शयचाको भनिए पनि १५ शयचाकोमात्रै छ । नयाँ बन्दै गरेको अस्पताल भवन पनि १५ शयचामै बनेको तर हस्तान्तरण हुन बाँकी छ । प्रदेश सरकारले शयचा अपग्रेड गरेको भए पनि साविककै पूर्वाधारबाट सेवा प्रवाह हुँदा बिरामीको चाप व्यवस्थापनमा समस्या देखिन गरेको छ । पछिल्लो समय मुक्तिनाथ दर्शनार्थीको संख्या बढेसँगै अस्पतालको सेवा लिने पर्यटकको संख्या पनि बढ्दै जान थालेको अस्पतालले जनाएको छ ।

हाल तीन कोठामा २५ शयचामा बिरामीलाई वार्डमै राखेर इमर्जेन्सी सेवा प्रवाह गर्ने गरिएको छ । अस्पतालमा प्रसूति सेवासँगै अन्य सेवा उपलब्ध भएकाले बिरामीले अस्पताल खचाखच हुन पुगेको हो । जोमसोमस्थित प्रदेश अस्पतालमा चालु आर्थिक वर्षको साउनदेखि वैशाख महिनासम्म कूल आठ हजार ६६७ जनाले स्वास्थ्य सेवा लिएका अस्पतालले जनाएको छ ।

प्रदेश अस्पतालमा ४२ जनाको जनशक्ति रहेको डा. कँडेलले उल्लेख गरिन् । स्वास्थ्य सेवा प्रवाहतर्फ एक एमडिजिपी चिकित्सकसहित छ, अस्पताल नर्सिङ निरीक्षक दुई, स्टाफ नर्स दुई, नर्सिङ अधिकृत दुई, स्वास्थ्य सहायक दुई र अनमी दुई जना छन् । अस्पतालअन्तर्गत मुक्तिनाथमा स्वास्थ्य सहायक तीन र कार्यालय सहयोगी एक जना रहेका अस्पतालले जनाएको छ । *रासस*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०९००० | प्रति तोला – ० | प्रति तोला – ५२३० |



**सप्रेको चुकन्दर** | मध्यपुर थिमि नगरपालिका निकोशेरामा आफूले उत्पादन गरेको चुकन्दर देखाउँदै एक किसान। उनको खेतमा डेढ किलोसम्मको चुकन्दर फलेको भएको छ। *तस्बिरः नारायण न्यौपाने/रासस*

# सामाजिक सुरक्षा कोषमा एक खर्ब ११ अर्ब संकलन

■ प्रभाव संवाददाता

**काठमाडौं–** जलविद्युत् परियोजना, विद्युत् प्रसारण लाइन, सौर्य तथा नवीकरणीय ऊर्जा उत्पादन गर्ने उद्योगमा लगानी गर्ने गरी सामाजिक सुरक्षा कोषले कर्जा वा सहवित्तीयकरणमा लगानी गर्ने गरी प्राथमिकताका क्षेत्र निर्धारण गरेको छ। कोषमा यही जेठ २० गतेसम्म रु एक खर्ब ११ अर्ब सात करोड पाँच लाख ८५ हजार बराबरको योगदान रकम जम्मा भएको छ।

दैनिक रूपमा रकम थपिँदै गएकाले लगानीको दायरा विस्तार गर्नुपर्ने निष्कर्षमा कोष पुगेको छ। सोही आधारमा कोषले सरकारी स्वामित्वका कम्पनीसँग मिलेर जलविद्युत् तथा नवीकरणीय ऊर्जा परियोजनामा लगानी गर्ने नीति अख्तियार गरेको छ। कोषका चार वटा प्रस्ताव आएकामा दुई वटा प्रस्तावमाथि छलफल भइरहेको छ।

मुलुकको ऊर्जा क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ कोषमा संकलन भएको प्रस्तावलाई अगाडि बढाउन लागिएको छ। कोषका निर्देशक रोहित रेग्मीले लगानी विविधिकरणका लागि प्रयास भइरहेको जानकारी दिए। कोषमा जम्मा हुने रकम बैंक तथा वित्तीय संस्थामा राख्दा आर्थिक विकास र समृद्धिमा योगदान हुन नसक्ने भएकाले थप क्षेत्रको खोजी गरिएको उनको भनाइ छ। आगामी आर्थिक वर्षको बजेटले विभिन्न कोषमा रहेको रकमलाई उपयोग गर्ने नीति अख्तियार गरेको छ।

खानीजन्य क्षेत्रअन्तर्गत स्वदेशमा ‘क्लिंकर’ उत्पादन गरी सिमेन्ट उत्पादन गर्ने परियोजनामा पनि कोषले लगानी गर्ने नीति लिएको निर्देशक रेग्मीले उल्लेख गरे। उनका अनुसार कोषमा हालसम्म २३ हजार ४७६ रोजगारदाता र २९ लाख ५८ हजार ४२९ योगदानकर्ता सूचीकृत भएका छन्। कोषले कुल दाबी भुक्तानी रु २० अर्ब ४५ करोड २६ लाख १० हजार ७३८ गरेको छ। औषधि उपचार, स्वास्थ्य तथा मातृत्व दाबी रकम रु तीन अर्ब २३ करोड ५१ लाख दुई हजार ९११ बराबर रहेको छ।

दुर्घटना तथा अशक्तता सुरक्षातर्फ रकम रु २८ करोड ४४ लाख ३० हजार १८८, आश्रित परिवार सुरक्षा दाबी रकम रु ३४ करोड ९५ लाख ७३ हजार ३९८ र अवकाश दाबी रकम रु १६ करोड ५८ लाख ३५ लाख चार हजार २४१ बराबर रहेको कोषका निर्देशक रेग्मीले जानकारी दिए।

संस्थागत वा सहवित्तीयकरण कर्जामा पर्यटन क्षेत्र, निर्माण क्षेत्र, सूचना तथा प्रविधि क्षेत्र, सेवामूलक क्षेत्र, कृषि क्षेत्रमा लगानी गर्न सकिने व्यवस्था गरेको छ। सञ्चालक समितिले उपयुक्त ठानेको क्षेत्रमा पर्याप्त धितो वा जमानी लिई संस्थागत कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिएको छ। कर्जा प्रवाह गर्दा तिर्ने क्षमता भएको कम्पनीलाई परियोजना स्थापना र सञ्चालनको लागि स्थिर पूँजी कर्जा, चालु पूँजी कर्जा वा चक्र कर्जा समेत प्रवाह गर्न सकिने व्यवस्था छ।

कोषले २० मेगावाटभन्दा कम क्षमताको विद्युत् परियोजनामा भने कोषले लगानी नगर्ने नीति लिएको निर्देशक रेग्मीले बताए। विद्युत् खरिदसम्बन्धी शर्त तथा बन्देज वा कुनै समयमा प्राधिकरणले विद्युत् खरिद नगर्ने शर्त भएमा, कनेक्सन सम्झौताबमोजिमको सबस्टेसन तयार भई नसकेको परियोजनामा लगानी नगर्ने नीति रहेको उनले उल्लेख गरे। उनका अनुसार कम्तीमा ३० प्रतिशत स्वपुँजी नभएको परियोजना, निजी कम्पनीबाट सञ्चालित परियोजना र कोषको प्राथमिकतामा नपरेको परियोजनामा पनि लगानी नगर्ने नीति छ।

# बागमतीमा झण्डै तीन लाख व्यावसायिक प्रतिष्ठानको आर्थिक विवरण संकलन

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय तथ्यांक कार्यालयले दोस्रो चरणको आर्थिक गणनाअन्तर्गत बाग्मती प्रदेशबाट सबैभन्दा बढी दुई लाख ८२ हजार व्यावसायिक प्रतिष्ठानको आर्थिक विवरण संकलन गरेको छ।

करिब ११ लाख ७० हजार व्यावसायिक प्रतिष्ठानको विवरण गणना हुँदा कर्णाली प्रदेशबाट सबैभन्दा कम ५२ हजार प्रतिष्ठान समावेश भएका हुन्। यही जेठ २२ गतेसम्म कार्यालयले लिइएको लक्ष्यअनुसार देशभर करिब ८० प्रतिशत कार्यप्रगति भएको आर्थिक गणना शाखाका निर्देशक डा. वेदप्रसाद ढकालले जानकारी दिए।

कार्यालयले आर्थिक कारोबार हुने औपचारिक तथा अनौपचारिक क्षेत्रका व्यापार-व्यवसाय गर्ने सबै व्यावसायिक प्रतिष्ठानलाई आर्थिक गणनामा सहभागी हुन आग्रह गरेको छ।

कार्यालयले व्यावसायिक कृषि, खानी, उत्पादन, उद्योग, व्यापार, निजी व्यवसाय, बैंक तथा सहकारीलगायत वित्तीय संस्था, व्यापारसम्बन्धी प्रतिष्ठानलगायतको तथ्यांक संकलन गरेको हो। संकलित विवरणका आधारमा सरकारलाई व्यावसायिक नीति, वाणिज्य नीति तथा आर्थिक विकासका तथ्यपरक योजना बनाउन सहज हुने जनाइएको छ।

देशको आर्थिक गतिविधि प्रस्तुत गर्ने र राष्ट्रिय आर्थिक नीति निर्माणमा आधार प्रदान गर्ने उद्देश्यले गणना गरिएको हो। विसं २०७५ मा पहिलोपटक गणना सम्पन्न गरिँदा नौ लाख २३ हजार ३५६ प्रतिष्ठान समावेश भएका छन्। यसपटक करिब १४ लाख प्रतिष्ठान सहभागी हुने अनुमान गरिएको छ। गणना गत वैशाख २ गतेदेखि आगामी असार ७ गतेसम्म जारी छ।

देशको आर्थिक विकासका लागि महत्वपूर्ण तथ्यांक प्रदान गर्ने अपेक्षा गरिएको उक्त कार्यक्रममा सबै प्रदेशमा प्रमुख सचिवको अध्यक्षतामा प्रदेश आर्थिक गणना समन्वय समिति तथा जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला आर्थिक गणना समन्वय समिति गठन गरिएको छ। गणनालाई बढी भरपर्दो र विश्वासिलो बनाउन वडामा समिति गठन गरिएको जनाइएको छ।

सबै प्रकारका औपचारिक तथा अनौपचारिक उद्योग, व्यापार-व्यवसाय र सेवा क्षेत्रलाई समेट्न लागिएको उक्त गणनाका लागि तीन हजार ९०६ गणक तथा ५२६ सुपरीवेक्षक खटिएका छन्।

# पर्यटन प्रवर्द्धनका लागि ‘लाङटाङ ट्रेल रन’

**रसुवा (प्रस)–** हिमाली क्षेत्रको पर्यटन प्रवर्द्धन तथा लाङटाङ क्षेत्रको अन्तरराष्ट्रिय पहिचान विस्तार गर्ने उद्देश्यले रसुवामा ‘लाङटाङ ट्रेल रन’ प्रतियोगिता सुरु गरिएको छ।

रसुवा-नुवाकोट पर्यटन समाजको आयोजनामा भएको प्रतियोगिताको शनिबार लाङटाङको क्याङ्जेनमा उद्घाटन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले लाङ्टाङ क्षेत्रको पर्यटन विकासका लागि पदमार्ग तथा पूर्वाधार सुधार आवश्यक रहेको बताए। उनले हिमाल र हिमाली वातावरण संरक्षण, जलवायु परिवर्तनका चुनौतीबीच हिउँ र हिमाली सम्पदाको संरक्षणमा सबै पक्ष जिम्मेवार बन्नुपर्ने धारणा राखे।

मुख्यमन्त्री बानियाँले स्थानीय हावापानी अनुकूल कृषि उत्पादन वृद्धि गरी पर्यटकलाई स्वस्थ तथा सन्तुलित भोजन उपलब्ध गराउन सके पर्यटन क्षेत्र थप आकर्षक बन्ने बताए।

समुद्र सतहबाट करिब तीन हजार ८७० मिटर उचाइमा रहेको क्याङ्जेनमा आयोजित प्रतियोगितामा सहभागी खेलाडीले क्याङ्जेनदेखि स्याफ्रुबेँसीसम्मको ३२ किलोमिटर दूरी पार गर्नुपर्नेछ। प्रतियोगितामा दुई विदेशी महिलासहित एक सय तीन खेलाडी सहभागी भएको आयोजकले जनाएको छ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठ, आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङ तथा पर्यटन सचिव दीपेन्द्र सुवेदीलगायतको सहभागिता रहेको थियो।

पर्यटनमन्त्री श्रेष्ठले लाङटाङ क्षेत्रको प्राकृतिक सौन्दर्य, हिमाली संस्कृति र जैविक विविधतालाई विश्वसामु चिनाउन सबै सरोकारवालाबीच सहकार्य आवश्यक रहेको बताए। उनले लाङटाङ पदमार्गलाई नेपालको प्रमुख पर्यटन गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित वातावरण संरक्षण, सरसफाइ र गुणस्तरीय सेवा प्रवाहमा जोड दिए।

# विदेशबाट फर्केर फलफूलखेती विस्तार गर्दै लक्ष्मीप्रसाद

**भोजपुर–** भोजपुरको अरुण गाउँपालिका-७ ढुंगेका लक्ष्मीप्रसाद अधिकारी विदेशबाट फर्किएपछि व्यावसायिक कृषि कर्ममा सक्रिय बन्दै उदाहरणीय किसानका रूपमा स्थापित भएका छन्। करिब छ वर्ष मलेसियामा रोजगारी गरेर स्वदेश फर्किएका अधिकारीले विगत पाँच वर्षदेखि फलफूलखेतीलाई मुख्य व्यवसायका रूपमा अँगाल्दै आएका हुन्।

अधिकारीले अहिले २५ रोपनी क्षेत्रमा विभिन्न फलफूलका बिरुवा विस्तार गर्नुभएको छ भने बाँकी रहेको करिब सात रोपनी जमिनमा क्रमशः खेती विस्तार गर्ने योजना बनाएका छन्। विदेशमा लिएको सीप, अनुभव र पुँजीलाई आफ्नै गाउँमा प्रयोग गर्दै कृषि पेसालाई दीर्घकालीन आम्दानीको भरपर्दो माध्यम बनाउने लक्ष्य लिएको उनले बताए।

अधिकारीले लिची, आँप, अनार, कागती, एभोकाडो (घिउ फल), रुद्राक्षजस्ता बहुवर्षीय फलफूलका साथै मौसमी तरकारीखेती गर्दै आएका छन्। केही बिरुवाले उत्पादन दिन



थालिसकेका जनाउँदै उनले आगामी वर्षमा सबै बिरुवाबाट आम्दानी लिन सकिने विश्वास व्यक्त गरे।

‘अहिले केही बिरुवाबाट मात्रै आम्दानी सुरु भएको छ’, अधिकारीले भने, ‘सबै बिरुवा उत्पादनमा आएपछि वार्षिक रु पाँचदेखि रु १० लाखसम्म आम्दानी गर्ने लक्ष्य राखेको छु।’ विदेशी भूमिमा वर्षौंसम्म श्रम बेच्नुभन्दा आफ्नै गाउँमा केही गरौं भन्ने सोचले आफू कृषिमा लागेको उनले बताए। ‘विदेशमा दुःख धेरै भयो। अब आफ्नै ठाउँमै केही गरेर देखाउने लक्ष्य छ’, उनले भने।

अधिकारीले करिब २६ वर्ष अरूको जमिनमा बस्दै आएका थिए। अहिले आफ्नै जमिनमा व्यावसायिक खेती विस्तार गर्न पाउँदा उनी उत्साहित छन्। उनको प्रयासले स्थानीयस्तरमा कृषि पेसाप्रति आकर्षण बढ्दै गएको छ।

कृषि विस्तारसँगै उनले बाख्रापालन गर्दै आएका छन्। बाख्राबाट उत्पादन हुने गोठेमाल (जैविक मल) प्रयोग गरी बोटबिरुवाको व्यवस्थापन गर्ने गरिएको अधिकारीले बताए। यसले उत्पादन लागत घटाउनुका साथै माटोको उर्वराशक्ति कायम राख्न सहयोग पुगेको उनको अनुभव छ।

स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सकिने सम्भावना देखिएको भन्दै अधिकारीले भविष्यमा खेतीलाई अझै विस्तार गर्ने योजना बनाए। आधुनिक प्रविधि, बजार व्यवस्थापन तथा प्राविधिक सेवामा राज्यले सहज पहुँच उपलब्ध गराए कृषिबाट अझ राम्रो आम्दानी लिन सकिने उनको भनाइ छ। ‘यदि प्राविधिक सेवा र बजार व्यवस्थापनमा सहयोग पाइयो भने कृषिमा लागेका किसानलाई धेरै सहज हुन्छ’, उनले भने। *रासस*

# अण्डाको मूल्य बढ्यो

■ प्रभाव संवाददाता

**चितवन–** नेपाल लेयर्स कुखुरापालक संघले अण्डाको फार्म समर्थन मूल्य पुनःबढाएको छ। संघको काठमाडौंमा सम्पन्न भौतिक तथा भर्चुअल बैठकले नयाँ मूल्य निर्धारण गरेको हो।

संघका अध्यक्ष विनोद पोखरेलका अनुसार देशभरका अण्डा उत्पादक किसान तथा व्यवसायीको राय, परामर्श तथा सिफारिसका आधारमा चितवनलाई मुख्य आधार क्षेत्र मानी नयाँ दररेट तय गरिएको हो। नयाँ मूल्यसूचीअनुसार एक्सएल अण्डाको मूल्य प्रतिक्रेट (३० वटा) रु ५६०, ठूलो अण्डाको रु ५४५, मध्यम (मिडियम) अण्डाको रु ५१५ तथा सानो अण्डाको प्रतिपेटी रु तीन हजार कायम गरिएको छ। यसअनुसार खुद्रा बजारमा अण्डाको मूल्य करिब रु २५ भएको छ।

संघले सम्पूर्ण व्यवसायी तथा सरोकारवालालाई तोकिएको मूल्यमा कारोबार गर्न आग्रह गरेको छ। अध्यक्ष पोखरेलले गर्मी मौसमका कारण उत्पादनमा आएको उतारचढाव तथा किसानको बढ्दो उत्पादन लागतलाई ध्यानमा राखेर नयाँ समर्थन मूल्य निर्धारण गरिएको बताए।

पछिल्लो एक महिनाको अवधिमा अण्डाको मूल्य निरन्तर उकालो लागेको देखिन्छ। वैशाख २४ गते एक्सएल अण्डाको मूल्य प्रतिक्रेट रु ४६५ रहेकामा नयाँ मूल्य रु ५६० पुगेको छ, जुन रु ९५ अर्थात् करिब २० प्रतिशतले बढी हो। सोही अवधिमा ठूलो अण्डाको मूल्य रु ४९० बाट रु ५४५, मिडियम अण्डाको रु ४०० बाट रु ५१५ तथा सानो अण्डाको प्रतिपेटी मूल्य रु २ हजार ३०० बाट रु तीन हजार पुगेको छ।

संघका अनुसार पछिल्ला केही सातायता अण्डाको उत्पादन घट्नुका साथै बजार माग बढ्दा मूल्यमा निरन्तर सुधार आएको हो। किसानले दाना, औषधि तथा अन्य उत्पादन सामग्रीको लागत बढ्दै जाँदा मूल्य समायोजन आवश्यक भएको संघका अध्यक्ष पोखरेलले बताए। उनका अनुसार हाल अण्डाको उत्पादन लागत प्रतिगोटा रु १९ दशमलव १२ पर्ने गरेको छ। नयाँ समर्थन मूल्य लागू भएपछि किसानले लागत नजिकको मूल्य पाउन थालेका छन्। लामो समयपछि अण्डाको बिक्री मूल्य उत्पादन लागतको हाराहारीमा पुगेकाले किसानलाई केही राहत मिलेको अध्यक्ष पोखरेलको भनाइ छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ